# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रबाहीकरण रणनीति-२०७८

# रोल्पा नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

लिबाङ रोल्पा, लुम्बिनी प्रदेश

रोल्पा नगरपालिका
Rolpa Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
लिबाङ, रोल्पा
Libang, Rolpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प/.सं.FY :-२०७८/०७९
च/.नं.Ref.NO :

मिति/Date :-२०७९/०१/१० गते

# शुभकामना मन्तव्य

लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सन्दर्भमा नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय कानून तथा महासन्धिहरुको कार्यान्वयन गर्ने र नेपाललाई लैङ्गिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउने सन्दर्भमा नेपालको संविधानले लैङ्गिक विभेद र सबै प्रकारका जातीय विभेदको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपालिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ।

नेपालको संविधानबमोजिम जारी गरिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विभिन्न नीति तथा कानूनहरुले लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, समानुपातिक समावेशी र न्यायोचित वितरण जस्ता अन्तरसम्बन्धित विषयलाई जोड दिदै यसलाई प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति तथा कानूनहरुको स्थानीयकरण गरी नगरपालिकालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउन रोल्पा नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गरेको छ भने प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनी प्रदेश नेपालगञ्ज, बँकिको सहयोग र ग्रामिण विकास तथा चेतना समाज (रुडास), नेपालको सहजीकरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति,२०७८ तयार गरिएको छ।

यस रणनीतिले नगरपालिकाको नीति, कानून, योजना, कार्यक्रम, सेवा प्रवाह र संस्थागत संरचनालाई लैससासमैत्री, संवेदनशील तथा उत्तरदायी बनाउन, लैससाससँग अन्तर्सम्बन्धित मूद्दालाई विकास प्रक्रियामा समावेश गर्न, महिला तथा पिछडिएका वर्ग समुदायको सशक्तिकरण गर्दै विकासका कार्यक्रमको लाभ प्रासिमा न्यायोचित अवसर सुनिश्चित गर्न, समाजमा बञ्चितिकरणमा परेका सबै समुदायलाई समग्र विकास प्रक्रियामा सहभागिता सुनिश्चित गर्न मार्गनिर्देश गर्ने विश्वास लिइएको छ। यो रणनीति तयार गर्न सहयोग गर्ने प्रदेश प्रशिक्षण प्रतिष्ठान, सहजीकरण गर्ने संस्था रुडास, नेपाल र आफै प्रत्यक्ष सहभागी भई कार्य गर्ने जनप्रतिनिधि ज्यूहरु र सम्पूर्ण कर्मचारी वर्गहरु लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै यो रणनीति कार्यान्वयनमा पनि सबैको साथ र सहयोगको अपेक्षा गर्दछु।

श्री पूर्ण के.सी.
नगर प्रमुख

Toll Free No. +977-166-086-44555 ☎Ph. +977-086-440071, ☎ Ph. +977-086440372
http:-rolpamun.gov.np, E-mail- rolpanagarpalika@gmail.com

# विषयसूची

**परिच्छेद १ : लैससास रणनीतिको पृष्ठभूमि तथा परिचय**

१.१. पृष्ठभूमि ....................................................................१-२

१.२. रोल्पा नगरपालिकाको संक्षिप्त परिचय ..........................................२-३

१.३. लैससास रणनीति निर्माणको उद्देश्य, बिधि तथा प्रक्रिया ..................३

१.४ संक्षिप्त नाम र परिभाषा.............................................................३-५

**परिच्छेद २ लैससासको बिद्यमान अवस्था तथा सन्दर्भ बिश्लेषण**

२.१.रोल्पा नगरपालिकाको राजनैतिक, सामाजिक र आर्थिक अवस्था बिश्लेषण......५-७

२.२. लक्षीत समूह प्राथमिकिकरण र प्रमुख सवाल पहिँचान ..................................७-१०

२.३. लैससास क्षेत्रमा क्रियाशिल सरोकारवाला बिश्लेषण .................................११-१४

२.४ नगरपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती बिश्लेषण ...................१५-१६

२.५ नगरपालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु ..................१७

२.५.नगरपालिकाको आगामी लैससास रणनीतिका लागि लक्षित कार्यक्षेत्रहरु... .१७-१८

२.६.नगरपालिकाको लैससास रणनीतिको समयाबधी...................................१८-१९

**परिच्छेद ३ लैससास रणनीतिको परिकल्पजना, ध्येय, लक्ष्य, उद्देश्य, मुल्यमान्यता र औचित्यता, रणनीति तथा कार्यनीति र कार्ययोजना**

३.१. लैससास मूलप्रवाहीकरण रणनीतिको परिकल्पना ..................................१९

३.२ लैससास मूलप्रवाहीकरण रणनीतिको ध्येय ..........................................१९

३.३ लैससास मूलप्रवाहीकरण रणनीतिको लक्ष्य ..........................................१९

३.४ लैससास मूलप्रवाहीकरण रणनीतिको उद्देश्यहरु.................................. १९

३.५ लैससास मूलप्रवाहीकरण रणनीतिको मुल्य मान्यता ..........................१९-२०

३.६ लैससास मूलप्रवाहीकरण रणनीतिको औचित्यता ............................ .२०-२१

३.७ लैससास सम्बन्धी प्रमुख रणनीति तथा कार्यनीतिहरु ............................२१-२५

३.८. लैससास मूलप्रवाहीकरण रणनीति कार्यान्वयन कार्ययोजना ..................२६-३०

**परिच्छेद ४ लैससास रणनीति कार्यान्वयन तथा अनुगमन प्रणाली**

४.१ लैससास रणनीति कार्यान्वयनका लागि आबश्यक संस्थागत संयन्त्र.......३१-३२

४.२. लैससास रणनीति कार्यान्वयनका लागि स्रोत परिचालन ....................................... ३२

४.३.. अनुगमन प्रणाली ..........................................................................३२-३५

४.४. सम्भावित जोखिम तथा जोखिम न्यूनिकरणका उपायहरु ....................................३५-३६

४.५.. कानुनी ब्यबस्था तथा पुनरावलोकन ..........................................................३६-३७

**अनुसुची : ..........................................................................................................३७-४१**

अनुसुची १ लैससास रणनीति निर्माण तथा कार्यान्वयनका लागि नगरस्तरीय कार्यदलको बिबरण

अनुसुची २. नगरपालिका भित्र क्रियाशिल सरोकारवालाहरुको बिवरण

अनुसुचि ३. समूह छलफलमा सहभागिहरुको बिवरण

अनुसुचि ४. लैससास रणनीति निर्माण कार्यशालामा सहभागिहरुको बिबरण

अनुसुचि ५. लैससास निर्माण क्रममा अध्ययन तथा बिश्लेषण गरिएका दस्ताबेजहरु

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रबाहीकरण रणनीति

## परिच्छेद १

## पृष्ठभूमि तथा परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को प्रस्तावनामा लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । संविधानको भाग ३ मा उल्लेखित मौलीक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव बिरुद्धको हक, धारा २९ मा शोषण बिरुद्धको हक, धारा ३८ मा महिलाको हक अन्तर्गत समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । त्यसैगरी धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरीकको हक धारा ४२ मा सामाजिक न्यायको हकको ब्यबस्था गरेको छ । नेपालको संविधान बमोजिम जारी गरिएका राष्ट्रिय लैंगिक समानता नीति २०७७, सामाजिक समावेशीकरण नीति २०७८ नमुना, लैङ्गिक समानता तथा सामाजिक समावेशिता स्थानीयकरण रणनीति २०७५, बालबालिका सम्बन्धी ऐन २०७५, मुलुकी देवानी (संहिता) २०७४ र मुलुकी अपराध (संहिता) २०७४, लगायत राष्ट्रिय नीति तथा कानुनहरुले लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरुको व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनमा नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्था गरेको छ । ऐनको दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था गरेको छ । उक्त ऐनमा गाउँपालिका तथा नगरपालिकाको काम कर्तब्य तथा अधिकारमा लैससास सम्बन्धी ब्यबस्था गरेको छ भने वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरिएको छ । स्थानीय तहको योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ ।

लैंगिक समानता र सामाजिक समाबेशीकरण सन्दर्भमा नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय कानुन अन्तर्गत महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धी १९७९ ले महिलाको मानव अधिकार सुनिश्चित गरेको छ । त्यसैगरी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नंवर १३२५ र

१८२० ले ससस्त्र द्वन्द्वको समय र द्वन्द्व पश्चात हुने यौनजन्य हिंसा बिरुद्ध न्याय र शान्ति प्रक्रियामा महिलाको सहभागिताको बिषय सुनिश्चित गरेको छ । बाल अधिकार महासन्धी १९८९ ले बालबालिकाको अधिकार संरक्षण र प्रबर्द्धन सुनिश्चित गरेको छ। सन १९९५ को बेइजिङ सम्मेलनको घोषणापत्रमा उल्लेखित महिलाका १२ वटा सरोकारका विषयहरु समाबेश गरिएको छ। दिगो विकास लक्ष्य २०३० को लक्ष्य नं ५ ले लैंगिक समानता र लक्ष्य नं १६ ले दिगो बिकासको लागि शान्तिपुर्ण तथा समाबेशी समाजको प्रबर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेहि र समाबेशी संस्थाको स्थापना गर्ने बिषय उल्लेख गरेको छ। माथि उल्लेखित राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा कानुनहरुको स्थानीयकरण गरि रोल्पा नगरपालिकालाई लैससासमैत्री बनाउन लैससास मूलप्रबाहिकरण रणनीतिले मार्गनिर्देश गर्ने बिश्वास गरिएको छ।

## १.२. नगरपालिकाको संक्षिप्त परिचय :

रोल्पा जिल्लाको सदरमुकाममा रहेको रोल्पा नगरपालिका जिल्लाको १० वटा स्थानीय तह मध्ये एक हो। प्रशासनिक हिसावले यस नगरपालिका १० वटा वडामा बिभाजित छ । यस नगरपालिकाको पूर्वी सिमानामा सुनिलस्मृति गाउँपालिका, पश्चिममा माडी गाउँपालिका, उत्तरमा थवाङ र सुनछहरी गाउँपालिका र दक्षिणमा रुन्टीगढी र त्रिबेणी गाउँपालिका पर्दछन् । नगर प्रोफाइल २०७५।०७६ अनुसार यस नगरपालिकाको जम्मा घरधुरी संख्या ६८०१ छ जसमध्ये, पुरुष घरमूलि भएको घरधुरी संख्या ५४९० र महिला घरमूलि भएको घरधुरी संख्या १३०६ छ । यस नगरको जम्मा जनसंख्या ३४९९९ रहेकोमा महिला संख्या १७५०१ जना छ भने पुरुष संख्या १७४८९ जना र अन्य संख्या ९ जना छ । यस नगरको औषत परिवार संख्या ५.१५ प्रतिशत छ । जातिगत आधारमा सबै भन्दा बढी जनसंख्या मगर जातीको रहेको छ । जातीगत जनसंख्या क्रमश मगर जातीको जनसंख्या १३६०७ जना, क्षेत्री, १०१६४, दलित ६६८५, सन्यासी ११७८, ब्रामण ३५६, नेवार, १५६ अन्य ३८८ जनाको बसोकासरहेको छ। यस नगरपालिकामा वडा नं. १ मा द्वन्द्व पिडित बढी रहेको र अन्य जातजातीमा दलित, जनजाती र क्षेत्रीजातीको बसोवास रहेको छ। त्यसैगरी वडा नं. २ मा द्वन्द्वपिडितको बाहुल्यता रहेको र जातीगत रुपमा दलित, जनजाती र क्षेत्रीको बसोबास रहेको छ। वडा नं. ३ मा द्वन्द्व पिडित संख्या बढी रहेको र जातीगत रुपले दलित, जनजाती, क्षेत्रीको बसोबास रहेको छ भने अन्य सबै वडामा द्वन्द्व पिडित लगायत सबै जातीको मिश्रित बसोबास रहेको पाइन्छ।।

यो नगरपालिकाको कूल क्षेत्रफल २७०.४२ बर्ग कि.मि. छ। कूल भुभाग मध्ये ६० प्रतिशत जमिन वन क्षेत्रले ओगटेको छ भने ४० प्रतिशत जमिन बस्ती क्षेत्र र कृषियोग्य भूमिले ओगटेको छ । शिक्षा, पर्यटन जस्ता बिबिध पक्षहरुको बिकासेन्मुख अवस्थामा रहेको छ । नगरपालिकाको सडक संजाल बिस्तार भएपनि पूर्वपश्चिम राजमार्गबाट जिल्लाको सदरमुकाम जोड्ने सडक र लिबाङ बजार वरपरको भुभागमा कालोपत्रे गरिएको भएपनि नगरभित्रका सबै वडाहरुमा कच्ची तथा धुलौटे सडकहरु बिस्तरा गरिएको छ। सबै वडामा सडक पहुँच पुगेको छ। यस नगरपालिकामा उच्च शिक्षाका लागि क्याम्पस तहको शिक्षण सेवा रहेको छ भने सि.टि.इ.भि.टि.प्राबिधिक शिक्षालय समेत रहेकोले शिक्षा सेवा बिस्तार र सुधारोन्मुख मानिन्छ। नगरपालिकाको सबै वडाहरुमा स्वास्थ्य संस्था स्थापना भई सेवा सुचारु छ भने जिल्ला अस्पताल र जिल्लामा आयुर्बेद औषधालयबाट समेत स्वास्थ्य सेवा प्रबाह भएको छ । यस नगरपालिकाको केही भाग समथर तथा उर्वर जमिन रहे संगै केही वडाका अधिकांस क्षेत्र दुर्गम एबं

बिकट बस्तीहरुले समेटीएको छ । यहाँको खाद्यान्न तथा प्रमुख अन्नवाली धान, गहु, मकै, कोदो, सिमी, मास, फापर आदि  हुन् । आयआर्जनको लागि स्थानीय स्रोतहरुमा टिमुर खेती, मौरीपालन जस्ता ब्यबसाय अत्यन्त सम्भावना युक्त मानिन्छ ।

## १.३. लैससास रणनीति निर्माणको उद्देश्य र बिधि तथा प्रक्रिया  :

### १.३.१. लैससास रणनीति निर्माणको उद्देश्यहरु :

लैससास मूलप्रबाहिकरण रणनीतिको मुख्य उद्देश्य लैससास अबधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरि नगरपालिकाले गर्ने सम्पुर्ण बिकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी बनाउदै दिगो बिकासका लागि आर्थिक स्रोतको सुनिश्चितता, उपलब्धी तथा लाभ र अवसरको समतामूलक बितरण र उपयोगी बनाउने रहेको छ । अन्य उद्देश्यहरु निम्न बमोजिम छन् ।

(क). नगरपालिकाको नीति, कानुन, यो्जना, कार्याक्रम, सेवा प्रबाह र संस्थागत संरचनालाई लैससास मूलप्रबाहिकरण रणनीति मार्फत लैससासमैत्री, संबेदनशिल तथा उत्तरदायि बनाउन सहयोग गर्ने।

(ख). लैंससाससंग अन्रसम्बन्धीत मुद्धाहरुलाई बिकास प्रक्रियामा समाबेश गर्ने ।

(ग). महिला तथा पिछडिएका बर्ग समुदायको सशक्तिकरण गर्दै बिकासका कार्यक्रमको लाभ प्राप्तीमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।

(घ). समाजमा बञ्चितिकरणमा परेका वर्ग, लिंग, क्षेत्रका समुदायलाई सशक्तिकरण माध्ययबाट पारिवारिक तथा स्थानीय स्रोत उपयोगमा समानुपातिक पहुँच र समग्र विकास प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्ने ।

### १.३.२. लैससास रणनीति निर्माणको बिधि तथा प्रक्रिया :

यस नगरपालिकाको लैससास मूलप्रबाहिकरण रणनीति निर्माण क्रममा निम्न बिधि तथा प्रक्रियाहरु अवलम्वन गरिएको छ ।

क) लैससास रणनीतिको खाका अनुसार आबश्यक सुचना तथा तथ्यांक संकलनका लागि नगरस्तरीय कार्यशाला गोष्ठी सम्पन्न ।

ख) रणनीति निर्माण क्रममा आबश्यक सहयोगी दस्तावेज संकलनका लागि नगरपालिकासंग समन्वय ।

ग) लैससास रणनीतिको खाका अनुसार आबश्यक सुचना तथा तथ्यांक संकलन र बिश्लेषणका लागि समूह छलफल  ।

घ) लैससास रणनीति निर्माण तथा कार्यान्वयनमा सहयोग पुग्ने गरी नगरस्तरीय कार्यदल गठन ।

ङ) रणनीति तयार गर्ने क्रममा नगरपालिकाबाट जारी गरिएका बिभिन्न ऐन, कार्यबिधि तथा निर्देशिका संकलन तथा अध्ययन ।

च) रणनीति तयार गर्ने क्रममा लैससास सम्बन्धी राष्ट्रिय कानुन तथा नीति र अन्तराष्ट्रिय कानुनहरुको अध्ययन ।

## १.४. संक्षिप्त नाम र परिभाषा :

**१.४.१. संक्षिप्त नाम : यस** रणनीतिको नाम रोल्पा नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण मूलप्रबाहिकरण रणनीति २०७८ रहने छ। यो रणनीति नगरपालिकाले स्विकृत गरेको मीति देखि लागु हुनेछ।

**१.४.२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस रणनीतिमा

**क) रणनीति** भन्नाले :रोल्पा नगरपालिकाको लैससास मूलप्रकाहिकरण रणनीति २०७८ लाई सम्झनु पर्दछ ।

ख) न.**पा.**भन्नाले : रोल्पा नगरपालिका सम्झनु पर्दछ।

**ग) लैससास** भन्नाले : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्झनु पर्दछ।

**घ) लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण** भन्नाले महिला, पुरुष वा लैंगिक तथा योनिक अल्पसंख्यक र बिभिन्न सामाजिक समूहहरु बिचको असमान सक्ति सम्बन्धलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिँचान भएका ब्यक्तिहरुका लागि समान अधिकार, अवसर एबं सम्मान सुनिश्चित गर्नका लागि गरिने प्रयासलाई सम्झनु पर्दछ।

**ङ) लैंङ्गिक मूलप्रबाहीकरण** (Gender Mainstreaming) भन्नाले स्थानीय तह तथा बिद्यमान सबै सार्वजनिक संरचनाहरु लगायत सबै विषयगत क्षेत्रका कानुन, नीति, कार्यक्रम तथा योजना तर्जुमाका हरेक चरणमा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरणलाई जनाउछ।

**च) लैङ्गिक समानता** (Gender Equality) **भन्नाले समाज तथा राज्यको** सबै अंग र तह र क्षेत्रमा महिला, पुरुष वा लैंगिक तथा योनिक अल्पसंख्यक बीच समान अवसर र समान लाभ हासिल गर्ने अवस्था वा वातावरणलाई जनाउछ।

**छ) लैङ्गिक समता (Gender Equity)** भन्नाले अवसर र न्यायबाट बञ्चित महिला, पुरुष वा यौनिक तथा अल्पसंख्यक ब्यक्तिलाई समानतामा पुऱ्याउन अवलम्बन गरिने सकारात्मक बिभेद वा बिशेष प्रयासलाई सम्झनु पर्दछ।

**ज) सामाजिक समाबेशीकारण** (Social Inclusion) भन्नाले समाजमा पछाडी पारिएका लिङ्ग, वर्ग, जातजाती, समुदाय लगायत वञ्चित वर्ग समुदायलाई विकासका अवसरमा प्रत्यक्ष सहभागी गराई सार्वजनिक सेवा, स्रोत, सुविधामा पहुँच बृद्धि गर्नुलाई सम्झनु पर्दछ।

**झ) सामाजिक बञ्चितिकरण** (Social Exclusion) भन्नाले लैंगिकता, जात, जाती, धर्म, क्षेत्र, अपाङ्गता आदीको आधारमा व्यक्ति, वर्ग वा समुदायलाई सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा पाखा वा किनारा लगाई आफ्नो क्षमता अनुसार सहभागी हुने अवसर र त्यस्तो अवसरबाट प्राप्त हुन सक्ने लाभ र प्रतिफलबाट वञ्चित गराइनु हो।

**ञ) बञ्चित समूह** भन्नाले लामो समय देखि आर्थिक, सामाजिक र भौगोलिक कारणले पछाडी पारिएका महिला, दलित, जनाजाती, जेष्ठ नागरीक, अति बिपन्न, दुर्गम बस्तीमा बसोबास गर्ने ब्यक्ति वा समुदाय सम्झनु पर्दछ।

**ट) लैंङ्गिक संबेदनशिल** (Gender Sensetive) : सेवा प्रबाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र तेसो लिङ्गीहरुका बिशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार

उनीहरुको सन्तुलित बिकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनुलाई सम्झनु पर्दछ ।

**ठ) लैंङ्गिकता (Gender)** भन्नाले कुनै पनि मानिस लिंगको आधारमा महिला वा पुरुष वा यौनिक तथा लैंगिक अल्पसंख्यक भएकै कारण समाजद्धारा उनीहरुलाई दिइने बिभेदपुर्ण कामको भूमिका, उनीहरु प्रति गर्ने बिभेदपुर्ण सामाजिक ब्यबहार र उनीहरुलाई हेर्न असमान दृष्टिकोण लाई जनाउछ ।

**ड) लैंङ्गिकमैत्री** (Gender Friendly) : समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा यौनिक तथा लैंगिक अल्पसंख्यकका बिशेष आबश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकपुर्ण ब्यबहारलाई सम्झनु पर्दछ ।

**ढ) CEDAW** : (Convention on the Elimination of All Forms of Discrimination Against Women) भन्नाले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि सन् १९७९ लाई जनाउछ ।

**ण) CRC** भन्नाले बाल अधिकार महासन्धी (Child Rights Convention) सन १९८९ लाई जनाउछ ।

**त) BPFA** भन्नाले बेइजिङ कार्ययोजना ( Beijiing Platform of Action) सन १९९५ लाई जनाउछ ।

**थ) सीमान्तकृत समुदाय** भन्नाले आर्थिक, सामाजिक, राजनैतिक र भौगोलिक बिकटताको कारण पछाडी पारिएका तथा सार्वजनिक सेवा, सुबिधाको अवसरबाट बञ्चित र बिभेदमा परेका साथै संघिय कानुन बमोजिम मानव बिकाको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ ।

**द) लैंङ्गिक उत्तरदायि बजेट** भन्नाले लैंगिक समानताका लागि बजेटको सुनिश्चिततालाई सम्झनु पर्दछ ।

**ध) लैंङ्गिक प्रभाव बिश्लेषण** भन्नाले स्थानीय नीति, योजना तथा कार्यक्रमबाट सबै बर्ग, जाताजती, क्षेत्रका महिला, पुरुषले प्राप्त गरेको लाभ वा अवस्थाको लेखाजोखालाई सम्झनु पर्दछ ।

**न) खण्डिकृत तथ्यांक** भन्नाले सबै जाताजती, लिंग, बर्ग, क्षेत्रका महिला, पुरुष तथा यौनिक एबं लैंङ्गिक अल्पसंख्यक, सिमान्तकृत समुदाय, शारिरिक अवस्था आदि समूहहरुको तहगत तथ्यांकलाई सम्झनु पर्दछ ।

# परिच्छेद २

# लैससासको बिद्यमान अवस्था तथा सन्दर्भ बिश्लेषण

## २.१ रोल्पा नगरपालिकाको राजनैतिक, सामाजिक र आर्थिक अवस्था बिश्लेषण :

रोल्पा नगरपालिकाको बिद्यमान राजनैतिक, सामाजिक र आर्थिक अवस्था बिश्लेषण गरिएको छ । बिश्लेषणले आगामी दिनमा लैससासको क्षेत्रमा के कस्तो आर्थिक, सामाजिक र राजनैतिक सवालहरु उठान गरी नगरको नीति तथा कार्यक्रम र योजनामा समावेश गर्न सहयोग गर्नेछ ।

### २.१.१. राजनैतिक अवस्था

रोल्पा नगरपालिका प्रशासनिक हिसावले १० वटा वडामा बिभाजित छ । यस नगरकार्यपालिकाको संरचनागत ढाँचा अन्तर्गत नगरकार्यपालिकामा सहभागिता जम्मा २१ जना रहेकोमा लैंङ्गिक हिसावले महिला ५ जाना र पुरुष १६ जना छन् भने जातीगत रुपमा दलित ८ जनामा दलित महिला ३ जना र

दलित परुष ५ जना छन्, जनजाती ८ जनामा जनजाती महिला २ जना र जनजाती परुष ६ जना छन, अन्य ५ जना परुषमात्र छन् त्यसैगरी अपाङ्गता भएका व्यक्तिबाट १ जना परुषको सहभागिता छ त्यसैगरी द्वन्द्ध पिडितबाट जम्मा ५ जना सहभागि मध्ये महिला २ जना र पुरुष ३ जना छन् । त्यसैगरी नगर सभामा सहभागिता जममा ५४ जनामा महिला सहभागिता २१ जना र परुष सहभागिता ३३ जना छ भने जातीगत रुपमा दलित १४ जना मध्ये दलित महिला ११ जना र दलित पुरुष ३ जना, जनजाती सहभागिता १९ जना मध्ये जनजाती महिला ६ जना र जनजाती पुरुष १३ जना, र अन्य सहभागि २० जना मध्ये अन्य महिला ३ जना र अन्य पुरुष १७ जना छन भने अपाङ्गता भएका व्यक्तिबाट १ जना महिलाको सहभागिता छ त्यसैगरी द्वन्द्धपिडितबाट १ जना पुरुषको सहभागिता छ ।

यसरी नगरकार्यपालिका र नगरसभामा समाबेशी सहभागिता रहनु सकारात्मक भएपनि वडा अध्यक्ष र नगरपालिका प्रमुख जस्ता निर्णायक पदमा महिला, दलित, अपांग जस्ता लक्षीत समूहको प्रतिनिधित्व सुन्य सरह रहेकोले निर्णायक भूमिका सहितको नेतृत्व तहमा समाबेशी प्रतिनिधित्व सुनिश्चित गर्न लैससास रणनीतिले मार्गनिर्देश गर्नेछ । त्यसैगरी राज्यका हरेक निकायमा कानुनी प्राबधान अनुसार ३३ प्रतिशत महिला र समाबेशी सहभागिता सुनिश्चित गर्नुका साथै अधिकांस उपभोक्ता समितिहरुमा ४० प्रतिशत भन्दा बढी महिलाको सहभागिता रहनु सकारात्मक भएकोले उक्त सहभागितालाई अर्थपुर्ण बनाउदै निर्णायक भूमिका बृद्धि गर्न यस रणनीतिले मार्गनिर्देश गर्ने अपेक्षा गरिएको छ । लैंङ्गिक र समाबेशी प्रतिनिधित्व बृद्धि गरी लैससासमैत्री संरचना निर्माणका लागि लक्षीत बर्ग समुदायको क्षमता बिकास र आर्थिक शसक्तिकरणको क्षेत्रमा योजना तथा कार्यक्रम बिस्तार गर्न यस रणनीतिले सहयोग गर्ने बिश्वास गरिएको छ ।

यस नगरपालिकामा ७ वटा राजनैतिक दलहरु क्रियाशिल रहेको र सबै राजनैतिक दलहरुको नगर कमिटिमा महिला सहभागिता हाल ३३ प्रतिशत र सामाजिक रुपले समाबेशी सहभागिता अनिवार्य गरिएको छ । महिला, दलित तथा पछाडी पारिएको बर्ग समुदाय लगायत लक्षीत समूहको राजनैतिक भूमिकामा पहुँच बृद्धि गरी निर्णायक तहमा क्रियाशिल हुनका लागि उनीहरुमा राजनैतिक चेतनास्तर र सामाजिक क्षमता बिकासका कार्यक्रमहरुलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्न यस रणनीतिले मार्गनिर्देश गर्ने अपेक्षा गरिएको छ ।

## २.१.२. सामाजिक अवस्था बिश्लेषण :

सामाजिक हिसावले रोल्पा नगरपालिकामा बिभिन्न जातजाती, लिंग, भाषा, बर्ग, धर्म मान्ने समुदायको बसोवास रहेको छ । मगर जातीको बाहुल्यता रहे पनि ब्राह्मण क्षेत्री, दलित लगायत अन्य जातीको बसोबास रहेको छ । जातजाती तथा धर्मका आधारमा भाषा, भेषभुषा, रहन सहन र संस्कृति फरक फरक छन् । यहांका अधिकांस मानिसहरु प्रकृति पुजा गर्नुका साथै हिन्दु, कृश्चियन धर्म मान्ने गर्दछन् । यहाँको मुख्य चाड पर्वमा दशै, तिहार, माघे सक्रान्ति, ल्होसार, तिज, आदि प्रचलित छन् ।

यस नगरपालिकामा जम्मा साक्षर संख्या ६३.९९ प्रतिशत रहेकोमा महिला ५४.२६ प्रतिशत साक्षर छन् भने पुरुष ७३.७३ प्रतिशत साक्षर छन् । भाषागत आधारमा नेपाली भाषा बोल्ने २९२०३ जना र खाम भाषा बोल्ने ५७५७ जना छन् । नगरपालिकामा जिल्ला अस्पताल एक, आर्यूबेदिक अस्पताल संख्या १, निजी अस्पताल संख्या १ स्वास्थ्य चौकी ७, शहरी स्वास्थ्य केन्द्र ५ र महिला स्वास्थ्य स्वयंसेविका ६३

जना छन । स्वास्थ्य संस्थमा गर्भवती जाँच ५३.५ प्रतिशतले गरेको तथ्यांक छ । यस नगरमा आधारभुत स्वास्थ्य सेवा केन्द्र ३ वटा संचालित छन् ।

समाजम बिद्यमान पित्रृसतात्मक सोच र ब्यबहारबाट यस रोल्पा नगरपालिका पनि अछुत रहन सकेको छैन । कानुनत सामाजिक कुरिति तथा गलत सामाजिक अभ्यासहरु निषेध गरिए पनि यस नगरपालिकामा बालश्रम, बालविवाह, बहुविवाह, घरेलु हिंसा जातीय छुवाछुत, बोक्सी प्रथा जस्ता सामाजिक कुरिती अन्त्य हुन सकेको छैन । परिवार एबं समाजमा लैंगिक तथा सामाजिक समाबेशीताका सम्बन्धमा केही सकारात्मक परिवर्तनका प्रयासहरु थालनी भएपनि लैंगिक तथा सामाजिक रुपले समान अवसर र समान पहुँच हुन नसकेको कुरा निर्णायक भूमिकामा महिला, दलित, अपांगता भएका ब्यक्ति लगायत पछाडी परेको समुदायको सहभागिता र अवरमा तथा सुचनामा न्यून संख्यामा मात्र पहुँच भएको स्थितिले स्पष्ट पार्दछ ।

### २.१.३. आर्थिक अवस्था :

यस नगरपालिकाका बासिन्दाको मुख्य पेशा कृर्षि तथा पशुपालन रहेपनि अन्य बिभिन्न पेशामा समेत आबद्ध भएको तथ्यांकले देखाउछ । यस नगरवासीहरु कृर्षि साथै सरकारी नोकरी, ब्यबसाय,, बैदेशिक वा भारतको नोकरी, ज्याला मजदुरी, लगायतका पेशामा आबद्ध छन् । पेशागत आधारमा कृषि पेशामा आवद्ध जनसंख्या ५७०५ जना, नोकरीमा आबद्ध जनसंख्या १२८६, ज्यालादारी गर्ने जनसंख्या १५२५ जना छ भने दक्ष रोजगारी २९२ जना, बैदेशिक रोजगारीमा जाने जनसंख्या २१५६ जना जसमध्ये पुरुष २०७८ र महिला ७८ जना छन् । व्यापार व्यावसायमा आबद्ध संख्या ५४५ अन्य सेवामा आबद्ध संख्या ५०५ जना छन् । यस नगरपालिकामा रोजगार संगसंगै बेरोजगार संख्या ८४९ जनामा महिला बेरोजगार संख्या १७५, पुरुष बरेजगार संख्या ६७३ र अन्य १ जना छन् ।

पर्यटकीय क्षेत्रहरुमा  भ्यूटावर, ढुङ्गे बगैचा, जनजाति संग्रालय, दलित संग्रालय, गुरुङगाउँ होमस्टे आदि छन् भने बिभिन्न उद्योगहरु जस्तै पाउँरोटी, डेरी, फर्निचर, ग्रील, कपडा आदि छन् । रोजगारी तथा ब्यबसायमा महिला लगायत लक्षीत समूहको सहभागिता सम्बन्धमा एकिन तथ्यांक नभएपनि कम मात्रमा संलग्नता रहेको छ ।

## २.२ लक्षीत समुह नक्सांकन तथा प्राथमिकिकरण र सवाल पहिँचान :

रोल्पा नगरपालिकाले बिद्यमान आर्थिक सामाजिक र राजनैतिक अवस्था, अवसर तथा सेवामा पहुँच तथा नियन्त्रण, नेतृत्व तहमा सहभागिता, भौगोलिक बिकटता लगायतका बिषयहरुलाई अधार मानि बञ्चित तथा पछाडी पारिएका बर्ग समुदायहरुको नक्सांकन गरि लक्षित समूह पहिँचान गरेको छ । त्यसैगरी लक्षीत समूहको बिद्यमान आर्थिक, सामाजिक, राजनैतिक अवस्थाका आधारमा बिद्यमान सवालहरु पहिँचान गरिएको छ ।  नगरपालिकाको नक्सामा सबै वडाहरुमा लक्षीत समूह छरिएर रहेको पाइन्छ । लक्षीत समूह र तिनका मुख्य सवालहरु निम्न बमोजिम उल्लेख गरिएको छ ।

| **२.२.१ रोल्पा नगरपालिकाका लक्षीत समूह प्राथमिकिकरण** | **२.२.२. लक्षीत समूहका सवालहरु** |
|---|---|

| | |
|---|---|
| १. अति विपन्न | क) बिपन्न मानिसहरुको सिमित जग्गा जमिन भएको र धरैजसो पाखो जमिनबाट जिवन निर्बाह गर्न बाध्य छन् ।<br>ख) अधिकांस बिपन्न समुदायका मानिसहरु मौषमी ज्याला मजदुरीमा सिमित रहन बाध्य छन् ।<br>ग) गरिवीका कारण उच्च शिक्षा, स्वास्थ्य र रोजगारबाट बञ्चित छन् ।<br>घ) सुचनामा पहुँच नपुग्दा स्रोत तथा सेवा सुबिधामा पहुँच कमी छ ।<br>ङ) अशिक्षा र चेतनाको कमीका कारण बाल बिबाह, सामाजिक कुरीति लगायतका गलत सामाजिक प्रचलनबाट टाढा हुन सकेका छैनन् ।<br>च) निर्णायक तहमा सहभागिताको पहुँच न्यून छ ।<br>छ) आफ्नो समस्या राख्न नसक्ने र यदि राखे पनि सुनुवाई र सम्बोधन कम मात्रामा हुने गरेको अवस्था छ ।<br>ज) अवसर प्राप्त गर्न नसक्नु र प्राप्त अवसरलाई उचित सदुपयोग नगर्नु<br>झ) जनचेतनाको अभाव र परम्परागत सोंचबाट प्रभावित छन् । |
| २. महिला | क) पारिवारिक तथा सार्बजनिक स्रोतमा पहुँच र नियन्त्रण न्यून हुनु ।<br>ख) महिलाहरुले शिक्षा प्राप्त गरेपनि त्यसको व्यावहारिक वा जिवन उपयोगी बनाउन नसक्नु ।<br>ग) महिलाहरु बाल विवाह, बहुविवाह, अनमेल विवाहबाट पिडित हुनु ।<br>घ) मदिरा सेवनका कारण घरेलु हिंसाबाट पिडित हुनु ।<br>ङ ) व्यवहारीक रुपमा पुरुषको तुलनामा महिलाहरु स्वतन्त्र हुन नसक्नु ।<br>च) एकल महिला माथि सामाजिक बिभेद, यौनजन्य दुरब्यबहार र सामाजिक अपहेलना कायमै रहनु ।<br>छ) एकल महिलाहरुको एकिन तथ्याङ्क नभएको ।<br>ज) एकल महिलालाई समाजले नकारात्मक दृष्टिकोणले हेर्नु । )<br>झ) राज्यका सबै संरचना तथा समग्र बिकास प्रक्रियामा एकल महिला लगायत समग्र महिलाको न्यून सहभागिता रहनु ।<br>ञ)) एकल महिलालाई सामाजिक सम्मान सहितको सामाजिक सुरक्षा र संरक्षणको ब्यबस्था नहुनु ।<br>ट) सार्वजनिक निकायमा महिला सहभागिता भए पनि निर्णायक भूमिकामा न्यून सहभागिता ।<br>ठ) मानशिक तथा प्रजनन् स्वास्थ्य समस्या र स्वास्थ्य शिक्षाको कमी ।<br>ड) शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका ब्यक्तित्व बिकासका अवसरमा पहुँच कम हुनु ।<br>च) लैंगिक हिंसा, घरेलु हिंसा, यौनदुरब्यबहार तथा बलात्कारको शिकार हुनु ।<br>छ) लिङ्गको आधारमा छोरा, छोरी र लैंगिक तथा योनिक अल्पसंख्यक बिचको बिभेद कायमै छ । |


| | |
|---|---|
| ३.दलित | क) जातीय छुवाछुत र अन्धविश्वास कायमै छ ।<br>ख) खण्डिकृत तथ्यांक नभएकोले दलित भित्रको पनि महिला दलित, अपांग दलित, बेरोजगार दलित, शिक्षाबाट बञ्चित दलित आदि पहिँचान हुन सकेको छैन ।<br>ग) राज्यको बिभिन्न संरचनाहरुमा निर्णायक भूमिकामा समाबेशी पहुँच र प्रतिनिधित्व न्यून संख्यामा मात्र हुनु ।<br>घ) शिक्षा, स्वास्थ्य, रोजगार जस्ता ब्यक्तित्व बिकासका बिभिन्न अवसरहरुबाट बञ्चित छन् ।<br>ङ) न्यून चेतनास्तरले गर्दा समग्र बिकास प्रक्रियामा दलितहरुको सहभागिता सुनिश्चित नहुनु ।<br>च) आर्थिक अभाव र शिक्षाको कमीका कारण परम्परागत पेशाहरु आधुनीकिकरण हुन नसक्नु ।<br>छ) कानूनी रुपमा समानता रहे पनि सामिाजिक र व्यवहारिक रुपमा विभेद रहेको<br>ज) नीति निर्माण र नेतृत्व तहमा सहभागिता कमि र निर्णायक भूमिका कमि हुनु ।<br>झ) गरिवी र बेरोजगारी छ । |
| ४) अपांगता भएका ब्यक्ति | क) अपाङ्गता भएका ब्यक्तिहरुका लागि वकालत गर्न स्थानीय संयन्त्रको बिकास र परिचालन नहुनु<br>ख) सबै अपाङ्गहरुको लागि हुइल चेयर र बैशाखीको व्यवस्था नहुनु ।<br>ग) सहज जिविकोपार्जन तथा शिप विकास, क्षमता विकास, आयआर्जनको समस्या<br>घ) शिक्षा, स्वास्थ्य, तथा रोजगारीको अवसरमा पहुँच सुनिश्चितता ।<br>ङ) क्षमता बिकास र नेतृत्व तथा निर्णायक भूमिकामा समाबेशी प्रतिनिधित्व न्यून<br>च) आवश्यक उपकरणको व्यवस्था र अपाङ्गमैत्री संरचना निर्माण ।<br>छ) यौनजन्य दुरब्यबहार, बलात्कार जस्ता सामाजिक अपराधबाट पिडित ।<br>ज) मानसिक स्वास्थ्य समस्या र प्रजनन् स्वास्थ्य समस्या । |
| ५.जेष्ठ नागरिक | क) ज्येष्ठ नागरीकलाई उचीत पालनपोषण तथा संरक्षणको अभाव ।<br>ख) जेष्ठ नागरिहरुलाई परिवारबाट अपहेलना तथा अपमानजनक ब्यबहार<br>ग) जेष्ठ नागरिक सम्मान कार्यक्रम र स्वास्थ्य जांचमा निरन्तरता नहुनु ।<br>घ) पारिवारिक तथा सार्बजनिक स्रोतमा पहुँच तथा नियन्त्रण कमि ।<br>ङ) जेष्ठ नागरिकको सूचनामा पहुँच कमि ।<br>च) मानसिक स्वास्थ्य समस्याको शिकार हुनु, |

| | |
|---|---|
| | छ) एक्लै जिवन बिताउनु पर्ने बाध्यता । |
| ६) बालवालिका: | क) बालबालिकाहरु बालश्रम, बाल यौन दुरब्यबहार तथा शोषण लगायतका बिभेद जन्य कार्यबाट पिडित छन् ।<br>ख) बाल विवाह कायमै रहनु ।<br>ग) बाल बिबाहलाई समाजले सहजै स्विकार गर्ने भएकोले पनि बाल बिबाह कम हुन नसक्नु ।<br>घ) बालमैत्री संरचना /व्यवहार /खेल मैदान /बाल उद्यान नहुनु ।<br>ङ )सबै सार्वजनिक स्थानमा स्तनपान कक्ष ब्यबस्था नहुनु ।<br>च) बालिका र किशोरीहरुमा आत्मरक्षा शिप नहुदा यौनजन्य दुरब्यबाहरको शिकार बन्नु ।<br>च) बेसाहारा तथा अबिभावक बिहिन बालबालिकालाई संरक्षणको अभाव ।<br>छ) अतिबिपन्न भौगोलिक बिकटताका बालबालिकाको शिक्षामा पहुँच कम हुनु<br>ज) बालबालिकाहरुमा पोषणको कमी ।<br>झ) यौन दुरब्यबहार, बाल हिंसा र अपहेलनाका र मानसिक स्वास्थ्य समस्याको शिकार बन्नु । |
| ७.द्वन्द पिडित तथा सहिद परिवार | क) द्वन्द्व पिडित तथा सहिद परिवारको वास्तविक अवस्था पहिचान तथा प्रथमिकिकरण गरी पुनस्थापना गर्न नसक्नु ।<br>ख) द्वन्द्व पिडितहरुको बिभिन्न सार्बजनिक संरचनाहरुमा समाबेशी प्रतिनिधित्व र अर्थपुर्ण सहभागिताको कमी ।<br>र्ग) शिक्षा स्वास्थ्य, सुचना र रोजगारीको सुनिश्चितता नभएको ।<br>घ) बिभिन्न अवसर तथा सेवा सुविधामा समान पहुँच कमी ।<br>ङ) मानशिक स्वाथ्य समस्या । |
| ८) लैगिक तथा यौनीक अल्पसंख्यक | क) पहिचान हुन नसक्नु ।<br>ख) खुलेर समाजमा आउन नचाहनु ।<br>ग) समान अवसरबाट बञ्चित हुनु ।<br>घ) समाजबाट अपमानजनक ब्यबहार तथा बिभेदपुर्ण दृष्टिकोण राख्नु । |
| ९. जनजाती | कं जनजातीको भाषा, संस्कार, संस्कृती र परम्पराको लोप हुदै जानु ।<br>ख) स्थानीय भाषामा पठनपाठन हुन नसक्नु ।<br>ग) भाषिक समस्याले गर्दा कतिपय व्यवहारिक कठीनाई हुनु ।<br>घ) मदिरा सेवन अत्याधिक हुने भएकोले पनि गरिविबाट माथि उठ्न नसक्नु ।<br>ङ) शिक्षा, रोजगारी र प्रतिनिधित्वमा कम सहभागिता ।<br>च) आम्दानीको तुलनामा खर्च बढी गर्ने प्रचलनले गर्दा अधिकांसा जनजातीहरुको जिवनस्तरमा अपेक्षित सुधार हुन नसक्नु । |

## २.३. लैससासका क्षेत्रमा क्रियाशिल सरोकारवाला पहिँचान र उपलब्ध सेवा तथा कार्यक्रमहरु

रोल्पा नगरपालिकाले तयार गरेको लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि यस क्षेत्रमा क्रियाशिल सबै सरोकारवालाहरुसंग नियमित समन्वय र सहकार्यको आबश्यकत पर्दछ । त्यसैले लैंगिक समानता र सामाजिक समाबेशीकरणको क्षेत्रमा क्रियाशिल सरोकारवाला निकायहरुको पहिँचान गरी भेन डायग्राम प्रस्तुत गर्नुका साथै अनुसुची ३ मा समेत उल्लेख गरिएको छ । प्रस्तुत गरिएको छ । साथै लैससास क्षेत्रमा सरोकारवालाले बहन गनुपर्ने भूमिका समेत निर्धारण गरिएको छ । नगरपालिकाले लैससासको क्षेत्रमा क्रियाशिल सबै सरोकारवालाहरुसंग समन्वय तथा सहकार्य गर्दै आएको छ ।

### २.३.१. सरोकारवाला निकायहरुको पहिँचान गरिएको सुची भेन डायग्रामद्धारा प्रस्तुती :



### २.३.२. लैससास क्षेत्रमा सरोकारवालाहरुको भूमिका तथा सम्बन्ध बिस्तारको अवस्था :

रोल्पा नगरपालिकाले लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तह देखि केन्द्र तहसम्मका सम्बन्धीत सरोकारवालाहरुको प्राथमिकिकरण गरी उनीहरुसंग निरन्तर समन्वय र सहकार्यका लागि कार्यगत योजना बनाई लागु गरिनेछ । नगरपालिका अन्तर्गतका सबै बिषयगत शाखा, वडा कार्यालय साथै यस क्षेत्रका सबै सार्बजनिक निकाय, नीजि तथा गैरसरकारी संघसंस्था र जिल्ला, प्रदेश र केन्द्र तहका सम्बन्धीत निकाय तथा गैरसरकारी संघसंस्थाहरुसंगको निकटतम समन्वय र सहकार्य गरि स्थानीय जनप्रतिनिधी र कर्मचारीहरुको क्षमत बिकास र लक्षीत समूहको बिकासमा मूलप्रबाहिकरण तथा पहुँच सुनिश्चित गरिनेछ ।

लैससास रणनीतिमा सबै सरोकारवालाहरुको भूमिका निर्धारण गरि कार्यान्वयनका लागि नियमित समन्वय तथा सम्बन्ध बिस्तार गरी कार्यान्वयन क्षेत्रमा सहकार्य गरिनेछ । सरोकारवालाहरुले तोकीएको भूमिका प्रभावकारी कार्यान्वयन गरे नगरेको सन्दर्भमा नियमित अनुगमन समेत गरिनेछ । नगरपालिकाबाट लैससास क्षेत्रमा काम गर्ने सरोकारवाला पहिँचान गरि बुदाँ नं २.३.१. मा उल्लेख गरिएका सरोकारवाला निकायहरुको भूमिका तथा जिम्मेवारी निम्न तालीकामा उल्लेख गरिएको छ ।

| .(क). सरोकारवाला निकायहरु | (ख) भूमिका तथा जिम्मेवारी |
|---|---|
| १) सबै बिषयगत शाखाहरु | १) योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियामा लक्षित समूहको सक्रिय सहभागिता अनिवार्य गर्ने ।<br>२) लैससासमैत्री संरचनाको ब्यबस्था र सेवा प्रबाह प्रणालीको बिकास गर्ने ।<br>३) शिक्षा, स्वास्थ्य, संरक्षण लगायतका मानविय बिकास र सुरक्षाका बिषयमा संवेदनशिलता अवलम्वन गर्ने ।<br>४) लैससास क्ष्काई र लैससास सम्पर्क व्यक्तिसंगको निकटतम समन्य र परामर्श अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट बिनियोजन गरी कार्यान्वयन गर्ने ।<br>५) न्याय सेवा प्रणाली सुरिक्षत र संवेदनशिल बनाउने । |
| २) अन्य सरकारी तथा सार्बजनिक निकायहरु (प्रहरी कार्यालय, सरकारी वकिल कार्यालय, जिल्ला अदालत, शिक्षण संस्थाहरु, अस्पताल तथा ओ.सी.एम.सी. आदि) | १) लैससासमैत्री संरचना निर्माण  र कार्यप्रणाली अवलम्बन गर्ने ।<br>२) लैससास संबेदनशिल ब्यबहार अवलम्वनका लागि आचारसंहिताको पुर्ण पालना गर्ने ।<br>३) सेवा प्रबाहमा सबै बर्ग समुदायको पहुँच सुनिश्चित गर्ने ब्यबस्था मिलाउने ।<br>४) सार्वजनिक लाभ एबं अवसरको वाँडफाँडमा न्यायोचित बितरण प्रणाली अवलम्बन गर्ने ।<br>५) लैंगिक तथा घरेलु हिंसा पिडित, विपन्न लगायत वञ्चितीमा परेका ब्यक्तिहरुलाई लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा तथा |

| | |
|---|---|
| | कानुनी उपचार प्रणाली सुनिश्चित गर्ने ।<br>५) मानसिक स्वास्थ्य तथा प्रजनन स्वास्थ्य सेवा प्रणाली सहज र सरल बनाउने ।<br>६) लैंगिक हिंसा बिरुद्धको सेवालाई सरल र सहज बनाउन स्वास्थ्य सेवा, कानुनी परामर्श साथै मनोबिमर्श सेवाको ब्यबस्था गर्ने ।<br>७) बालमैत्री शिक्षण सिकाई र संरचना निर्माण गर्ने । |
| ३) लक्षीत समूहहरु (महिला, दलित, बालबालिका, ज्येष्ठनागरिक सञ्जाल, आमा समूह, महिला समूह, निगरानी समूह तथा सहकारी आदि) | १) प्रमुख सरोकारका लक्षीत समूहहरुको सवाल एबं समस्या तथा आबश्यकताका सम्बन्धमा खण्डिकृत तथ्यांक तथा सुचना संकलन तथा आबश्यकता पहिँचान गर्न सहयोग गर्ने ।<br>२) समाजमा बिद्यमान बिभेदकारी प्रचलन तथा असमानता बिरुद्ध अभियान संचालन गर्न योजना बनाई माग गर्ने ।<br>३) लक्षीत समूहका लागि पर्याप्त योजना तथा बजेट सुनिश्चित गर्न माग गर्ने ।<br>४) योजना तर्जुमा चरण देखि कार्यान्वयन तथा अनुगमन चरणमा प्रमुख साझेदारका रुपमा नियमित समन्वय र सहकार्य गर्न गराउन वकालत गर्ने ।<br>५) निर्णायक तहमा लक्षीत समूहको समाबेशी प्रतिनिधित्व र अर्थपुर्ण सहभागिता सुनिश्चित  गर्न वकालत गर्ने । |
| ४) गैरसरकारी संघसंस्थाहरु | १) कानुनहरुको प्रभावकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।<br>२) महिला, दलित, जनजाती, अति बिपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी तथा संवेदनशिल बनाउन सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ।<br>३) लैङ्गिक हिंसा, घरेलु हिंसा र बिभिन्न महामारी वा विपदबाट पिडित तथा प्रभावितहरुलाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने ।<br>४) नगरपालिकाले निर्दिष्ट गरे बमोजिम लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरु सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने ।<br>५) लैंगिक हिंसा, घरेलु हिंसा, सामाजिक बिभेद र हानीकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति बिरुद्ध सकारात्मक परिवर्तन र सोंचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने । |
| ५) निजी क्षेत्र( बिकास बैंक, बित्तिय संस्था र उद्योग | १) निजीक्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवाहरुमा सबै समुदाय तथा बर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीहरुमा समेत सेवा प्रवाह |

| | |
|---|---|
| बार्णिज्य संघ आदि) | प्रभावकारी बनाउने,<br>२) महिला, बिपन्न तथा वञ्चित समूहहरूको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।<br>३) वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीहरुबाट उत्पादित बस्तुहरुको बजारीकरणका लागि वडा तथा नगरपालिकासंग समन्वय र सहयोग गर्ने ।<br>४) महिला, दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन अभिमूखिकरण कार्य मार्फत प्रोत्साहान गर्ने ।<br>५) नगरपालिकासंग समन्वय गरी लक्षीत बर्ग उत्थान सम्बन्धी कार्यहरु संचालन गर्ने । |
| ६) प्रदेश तथा संघीय सरकार | १) लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्राबधानहरुलाई स्थानीयकरण गर्न जनप्रतिनिधी, कर्मचारी लगायत सरोकारवालाकहरुको क्षमता बिकास गर्ने ।<br>२) लैससास दृष्टिकोणबाट योजना तर्जुमा तथा कार्यान्वयनका लागि अनुगमन ढाँचाहरु पुनराबलोकन गर्न लगाई नियमित समन्वय तथा अनुगमन गर्ने<br>३) नियमित लैंगिक उत्तादायी बजेट निर्माण र लैससा परिक्षँण गर्न क्षमता बिकास गर्ने र काम सम्पन्न भए नभएको नियमित समन्वय तथा अनुगमन गर्ने । |
| ७) विकास साझेदारहरु | १) लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यविधिहरुको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा नगरपालिकालाई आवश्यक प्राविधिक सहयोग गर्ने ।<br>२) महिला, दलित, अपांग जेष्ठ नागरीक, विपन्न लगायत पछाडी पारिएका बर्ग समुदायहरुको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि नगरपालिकासंग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।<br>३) विकास साझेदारबाट संचालन गरिने विकास सम्बन्धी कार्यक्रमहरुमा लैंगिक समानता र सामाजिक समावेशीकरणका सवालहरु सम्बोधन हुने गरी क्रियाकलापहरु तय गर्ने ।<br>४) लैंगिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका बिभेद वा सामाजिक असमानता बिरुद्ध प्रतिकार र वकालत क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा अभिमूखिकरण कार्यमा सहयोग गर्ने । |

## २.४. रोल्पा नगरपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (SWOT Analysis) बिश्लेषण

रोल्पा नगरपालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण क्षेत्रमा हासिल उपलब्धी, सकारात्मक अभ्यासहरु तथा कमजोर पक्षहरु पहिँचान तथा बिश्लेषण गरी सुधार गर्नुपर्ने पक्षहरुलाई रणनीतिक कार्ययोजनामा समाबेश गरिएको छ । त्यसैगरी लैससास क्षेत्रमा यस नगरपालिकाले अवलम्बन गर्न सक्ने अवसरहरुलाई स्थानीयकरण गर्दै चुनौतीहरुको सामान गर्न यस रणीनतिक योजनाले मार्गनिर्देश गरेको छ । यस नगरपालिकाको **(SWOT Analysis) निम्न तालीकामा प्रस्तुत गरिएको छ ।**

| सवल पक्ष | कमजोर वा सुधार गर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| १. सुरक्षित आवास (सेफ हाउस) सञ्चालन तथा व्यवस्थापन कार्यविधिको तर्जुमा गरि लागु गरिएको ।<br>२. महिला र किशोरी समूहको गठन र सञ्चालन कार्यविधि, २०७८ र बालविवाह न्यूनिकरण सम्वन्धी पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी लागु गरिएको ।।<br>३. लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि निर्माण तथा कोषको स्थापना गरी परिचालन गरिएको ।।<br>४. नगरपालिलकाले समाबेशिकरणको सिद्धान्त अनुसार विभिन्न समिति उपसमिति बनाई काम गरेको ।<br>५. लक्षित समूहको लागि छुट्टै विवषयगत शाखाको व्यवस्था<br>६. सहिद परिवार तथा घाईते अपाङ्गलाई निशुल्क स्वास्थ्य बिमा व्यवस्था गरिएको | १) नगरपालिकाको खण्डिकृत तथ्यांक अद्यावधीक गरी लक्षीत समूह के कति र कस्तो प्रकारको छ भन्ने बारे पहिँचान गरिनुपर्ने ।<br>२) कर्मचारी एवं जनप्रतिनिधिहरुलाई लैससास बिषयमा क्षमता विकास सम्बन्धी कार्यक्रमको कार्ययोजना बनाई लागु गर्नुपर्ने ।<br>३)नगरपालिकाले नीति, कानुन्, योजना निर्माण गर्नु अगाडि लैससासको दृष्टिकोणले उपयुक्त भए नभएको लेखाजोखा गर्ने कार्यलाई प्राथमिकता दिनु पर्ने ।<br>४) नगरको बिभिन्न टोलबस्तीमा हुने योजना तर्जुमा प्रक्रियामा लक्षीत समूहको सहभागिता सुनिश्चित गर्नुपर्ने । | १) नेपालको संविधान लगायत बिभिन्न राष्ट्रिय कानुन तथा नीतिहरु अनुकुल हुनेगरी स्थानीय कानुन तथा नीति बनाई लागु गर्न सकिने ।<br>२) स्थानीय सरकारलाई स्थानीय आबशयकता र अवस्था अनुसार कानुन बनाउन पाउने अधिकार प्राप्त हुनु ।<br>३) लैंगिक समानता र सामाजिक समाबेशीकरणका पक्षमा सबै जनप्रतिनिधि र कर्मचारीको सकारात्मक सोंच तथा धारणा रहनु ।<br>४. स्थानिय स्रोत बढाई परिचालन गर्न सकिने ।<br>५. नगरपालिकामा लक्षीत | १. नगरपालिकाले बनाएका नीतिगत प्रवधानलाई पुर्ण रुपमा कार्यान्वयन गर्न नसक्नु ।<br>२.आर्थिक स्रोत तथा बजेटको सिमितता ।<br>३) नगरपालिकामा दक्ष तथा पर्याप्त मानवस्रोतको कमी<br>४) भौगोलिक विकटता<br>५) बिभिन्न समयमा आउने महामारी तथा बिपदको जोखिम कायमै रहनु ।<br>६) परम्परागत सोंचमा परिवर्तन आउन नसक्नु । |

| | | | |
|---|---|---|---|
| ७. प्रत्येक विद्यालयमा स्यानिटरी प्याडको वितरण<br>८. महिलालाई सीप विकास तालिम लगायत लैङ्गि हिंसा न्यूनिकरणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन आदि<br>९. स्तरपान कक्षको व्यवस्था भएको ।<br>१०. अपांग परिचय पत्र बितरण कार्यबिधि बनाई लागु गरिएको र अपांग परिचय बितरण नियमितता दिइएको र<br>११. लैंगिक हिंसा, घरेलु हिंसा, जातीय बिभेद बिरुद्ध जनचेतना कार्यक्रम संचालन गरिएको ।<br>१२. एकल महिला तथा जेष्ठ नागरीक सम्मान कार्यक्रम संचालन गरिएको । | ५) लैससासमैत्री कानुन तथा कार्यविधि निर्माण गर्नुपर्ने र हाल बिद्यमान नीति तथा कानुनहरु लैससास अनुकुल हुने गरी समिक्षा समिक्षा गरि परिमर्जन गर्नुपर्ने ।<br>६) लक्षीत समूहका लागि हरेक बर्ष निश्चित प्रतिशत बजेट बिनियोजन गरि कार्यान्वयन गर्नुपर्ने ।<br>७) नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीति बनाई लागु गर्नुपर्ने ।<br>८) बालबालिकाको संरक्षणका लागि बालसंरक्षण नीति बनाई लागु गर्नुपर्ने । | समूहको एकिन तथ्यांक नभएपनि लक्षीत समूहहरु अत्यधिक रहनु । | |

## २.५. नगरपालिका तथा वडास्तरका लैससास सम्बन्धी पहिँचान गरिएका प्रमुख सवालहरु

रोल्पा नगरपालिकाको लक्षीत समूह नक्सांकन तथा प्राथमिकिकरण गरी पहिँचान गरिएका सवालहरुलाई बिश्लेषण गर्दा प्रथमिकिकरण गरिएका प्रमुख सवालहरु निम्न छन् ।

१) समुदायतहमा हरेक घर-परिवार समुदाय लगायतका अनौपचारिक सामाजिक संयन्त्रहरू देखि सार्वजनिक औपचारिक निकायहरुमा लैंगिक बिभेद, सामाजिक असमानता र अवसर तथा स्रोतमा पहुँच कमी जस्ता बिभेद र गलत सामाजिक अभ्यासहरु विद्यमान छन् ।

२) महिला, दलित, बालबालिका, अति विपन्न, जोखिममा परेका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतका लक्षीत समूहको वास्तबिक अवस्था बिश्लेषण सहितको खण्डिकृत तथ्यांक अद्यावधीक हुन नसकेको ।

३) नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रमहरु पूर्वाधार बिकासतर्फ बढी केन्द्रीत गरिएकोले लैंगिक सवाल तथा सामाजिक समावेशीकरणका विषयले प्राथमिकता पाउन सकेको छैन ।,

४) स्थानीय तहमा भएका बञ्चित तथा सिमान्तकृत समुदायलाई मूलप्रवाहीकरण गर्नका लागि छुट्टै कार्यबिधि तथा बजेट र कार्यक्रमको व्यवस्था नभएकोले स्रोत तथा अवसरमा पहुँच, लाभ प्रीत र बिभिन्न संरचनाहरुमा प्रतिनिधित्व जस्ता बिषयमा लक्षीत समूहको सहज पहुँच पुग्न सकेको छैन ।

५) नगरस्तरका बिभिन्न संरचना लगायत स्थानीय स्रोत साधन तथा बिभिन्न अवसरहरुमा लक्षीत समूहको समान पहुँच र समाबेशी प्रतिनिधित्व हुन सकेको छैन ।

६) सहभागितामूलक योजना तर्जुमा कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन प्रणाली लैससासमैत्री हुन नसकेकोले सिमान्तकृत बर्ग समुदायलाई बिकासको मूलप्रबाहमा ल्याउन सकिएको छैन ।

## २.६. नगरपालिकाको लैससास रणनीतिले लक्षित गरेका कार्यक्षेत्रहरु

लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुन र नीतिहरुलाई स्थानीयकरण गरी लक्षीत बर्ग समूहलाई बिकासको मूलप्रबाहमा समाहित गर्नका लागि नगरपालिकाको लैससास रणनितिले लक्षीत गरेका प्राथमिकताका क्षेत्रहरु निम्न बमोजिम छन् ।

### (क) .बिकासमा मूलप्रवाहिकरण::

नगरपालिका भित्रका लक्षीत समूहलाई आर्थिक सामाजिक र राजनैतिक सशक्तिकरण मार्फत नगरपालिकाको समग्र विकास प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ । नगरपालिका लगायत सबै विषयगत क्षेत्रका कानुन, नीति, कार्यक्रम तथा योजना तर्जुमाका हरेक चरणमा लक्षीत समूहहरुको पहुँच र प्रतिनिधित्व सुनिश्चित गरिनेछ । लक्षीत समूहको मूलप्रबाहिकरणका लागि बञ्चितिकरणमा र बहिष्करणमा परेका व्यक्ति समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखजोखा गरि नियमित तथ्यांक अद्यावधीक गरिनेछ ।

### (ख) **समान पहँचान र समाबेशी प्रतिनिधित्वको सुनिश्चितता :**

**१**) लक्षित वर्ग/समूहलाई श्रोत र साधनमा पहुँच सुनिश्चित र अर्थपूर्ण सहभागिताका लागि क्षमता तथा नेतृत्व बिकास र आयआर्जन क्रियाकलाप मार्फत आर्थिक, सामाजिक र राजनितिक सशक्तिकरण गरिनेछ ।

२) समाजमा विशेषगरि बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपांगता भएका ब्यक्ति लगायत सबै असाह्य ब्यक्ति वा समूहको बिकासका लागि वडा तहबाट खण्डिकृत तथ्यांक संकलन तथा अद्यावधीक गरि  सामाजिक सुरक्षा तथा संरक्षण लगायत आर्थिक क्रियाकलापहरुमा सक्रिय सहभागिता गरमउने ।

**ख) सुन्य सहनशिलता र बिभेद रहित समाज निर्माण :**

लैङ्गिक हिंसा, घरेलु हिंसा लगायत सबै प्रकारका हिंसा जन्य कार्य बिरुद्ध सुन्य सहनशिलताको मान्यता लाई पुर्णत कार्यान्वयन गर्न सरोकारवाला लगायत लक्षीत समूहको क्षमता बिकास र जनचेतनामूलक अभियान मार्फत हिंसा मुक्त नगरपालिका घोषणाको वातावरण तयार गरिनेछ । कुनै पनि प्रकारको हिंसाबाट पिडित तथा प्रभावितहरुलाई सामाजिक सुरक्षाको सुनिश्चित गर्दै न्यायमा पहुँच बढाउन सुरक्षीत संरक्षण प्रणालीको ब्यबस्थापनका लागि आबश्यक योजना तथा बजेट बिनियोजन गरि कार्यान्वयन गरिनेछ । बालिका तथा किशोरीहरुलाई आत्मरक्षा सम्बन्धी सिप प्रदान गरी हिंसा बिरुद्ध प्रतिकारात्मक क्षमता बिकास गरिनेछ ।  लैंगिक जातीगत, उमेर समूह, शारिरिक अवस्था, भौगोलिक क्षेत्र वाअन्य कुनैपनि आधारमा गरिने बिभेद लगायत समाजमा प्रचलित बोक्सी प्रथा, बाल बिबाह, बहु बिबाह जस्ता गलत सामाजिक अभ्यास बिरुद्ध जनचेतनाका लागि सामाजिक अभियान र प्रतिकारात्मक क्षमता बिकासका लागि क्षमता बिकासका अभियान संचालन गरिनेछ ।

बिभिन्न समयमा आउने बिपद तथा महामारी र कोभिड-१९ महामारीको संक्रमण सुरु भए पश्चात बढेको विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसा र बाल हिंसालाई ध्यानमा राख्दै स्थानीय जनप्रतिनिधिहरु लगायत सम्बन्धित सबै सरोकारवालाहरुलाई यसबारे सचेतना फैलाउने खालका कार्यक्रमहरु संचालन गर्दै क्षमता विकास गरिनेछ ।

**(ग) समन्वय, सहकार्य र साझेदारी**

लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, लगायत जिल्ला तह र स्थानीय तहमा क्रियाशिल सम्बन्धीत सरकारी तथा  गैरसरकारी र नीजि क्षेत्रका निकायहरुसंग आबश्यकता अनुसार समन्वय, सहकार्य र साझेदारी गरिनेछ । नगरपालिकाले तय गरेका लैससास सम्बन्धी नीति तथा कानुनहरुको बारेमा सबै सरोकारवालाहरुलाई जानकारी गराउदै लैससास उत्तरदायि बनाउन  अभिमूखिकरण गरी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ ।

**(घ)  अनुगमन तथा मूल्यांकनः**

नगरपालिकाका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन संयन्त्रको ब्यबस्था गरी परिचालन गरिनेछ । वडा तह र नगरपालिका तहको अनुगमन तथा निर्देशन समिति निर्माण गरि अनुगमन तथा मुल्यांकनको जिम्मेवारी तोकिनेछ ।

## २.७. लैससास रणनीतिको कार्यअबधी :

रोल्पा नगरपालिकामा बिद्यमान आर्थिक, सामाजिक, राजनैतिक अवस्थाको बिश्लेषण लगायत यस गाउँपालिकाले लैससास क्षेत्रमा प्राप्त गरेका उपलब्धी र लैससासमैत्री बनाउनका लागि अझै गर्नुपर्ने सुधारका पक्ष र बिद्यमान लैससास सम्बन्धी सवालहरु सम्बोधनका लागि लैंगिक समानता तथा

सामाजिक समाबेशीकरण मूलप्रबाहिकरण रणनीति निर्माण गरी लागु गरेको हो । यस लैससास रणनीतिको अबधी ५ बर्षको हुनेछ ।

## परिच्छेद ३.
## लैससास मूलप्रबाहिकरण रणनीतिको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य, मुल्यमान्यता र औचित्यता

### ३.१. लैससास मूलप्रबाहिकरण रणनीतिको परिकल्पनाः

"सामाजिक समाबेशी सहितको समानतामा आधारीत समुन्नत समाज र समृद्ध नगरपालिका निर्माण" ।

### ३.२. ध्येयः

बन्चीतिकरणमा परेका लिङ्ग, वर्ग, क्षेत्र र जातजातीहरु बिच भएको सामाजिक असमानता र बिभेद हटाई प्रचलित कानुनद्धारा प्रदान गरिएको हक अधिकार सहज रुपमा उपयोग गर्ने बातावरण सुनिश्चित गर्ने ।

### ३.३. लक्ष्यः

आगामी ५ वर्षभित्र सबै लक्षित समूह बिचको सबै प्रकारका बिभेद अन्त्य गरी नगरको सर्वांगिण विकास लगायत बिभिन्न अवसरहरुमा समान तथा समाबेशी पहुँच र प्रतिनिधित्व सुनिश्चित गर्ने ।

### ३.४. रणनीतिक उदेश्यहरुः

३.४.१. नगरपालिकाको नितिगत, संस्थागत संरचना र कार्यक्रमहरुमा लक्षित वर्ग, समुहको नेतृत्व क्षमता बिकास गरी निर्णायक तहमा पहुँच बृद्धि र सबै जात, जातीको अर्थपूर्ण सहभागिता सुनिश्चित गराई लैगिक अन्तरहरुको प्रभावलाई सम्बोधन गदै लैगिक मूलप्रबाहिकरण र सशक्तिकरण हुदै गएको हुनेछ ।

३.४.२.समाजमा बिद्यमान लैंगिक बिभेद, सामाजिक असमानता, लैंगिक हिंसा, घरेलु हिंसा, बालश्रम, बाल बिबाह बिरुद्ध निरोधात्मक अभियान तथा सामाजिक जागरण मार्फत न्यायमा पहुँच अभिबृद्धि भएको हुनेछ ।

.३.४.३. आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, सांस्कृतिक र स्वास्थ्यका हिसावले लक्षित वर्गहरु विकासको मूलप्रबाहमा समाहित हुनेछन् ।

३.४.४. लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायि बजेट तर्जुमा भै कार्यान्वयन भएको हुनेछ ।

३.४.५. नगरपालिकाको निति निमार्ण तथा निर्णायक तहमा **लैससास** दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन कार्यलाई संस्थागत गर्दै समावेशी सहभागिता सुनिश्चित गर्न नीतिगत व्यवस्था लागु हुनेछ ।

### ३.५. लैससास मूलप्रबाहिकरण रणनीतिको मुल्य मान्यताहरु :

रोल्पा नगरपालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा निम्न मुल्यमान्यताहरुलाई आत्मसात गरिनेछ ।

क). समाजमा बिद्यमान सबै प्रकारका बिभेद तथा लैंगिक हिंसा बिरुद्ध सुन्य सहनशिलता अबलम्बन ।

ख). न्यायमा पहुँच सुनिश्चितता र सार्वजनिक स्रोत तथा लाभको न्यायोचित बितरण प्रणाली ब्यबस्थापन

ग). सकारात्मक सोचको बिकास र लैससासमैत्री ब्यबहार अवलम्बन ।

घ). समान तथा समाबेशी प्रतिनिधित्व र अर्थपुर्ण सहभागिता ।

ङ). पिडित तथा प्रभावित र असाहृयहरुको लागि संरक्षण प्रणाली ब्यबस्थापन

च). समन्वय तथा साझेदारी र सहकार्य

## ३.६. लैससास रणनीतिको औचित्यता :

संबिधानमा ब्यबस्था गरिएको समानताको हक कार्यान्वयनका लागि समुदाय तहमा रहेका बिभेदकारी मुल्यमान्यताहरु परिवर्तन गर्नु जरुरी छ । लैससास रणनीतिले गाउँपालिकाको हरेक नीति, कानुन, योजना तथा बजेट र कार्यक्रमलाई लैससास उत्तरदायि बनाउन मार्गनिर्देश गर्ने हुदा ब्यक्ति, परिवार र समाजको सोंच र ब्यबहारमा सकारात्मक परिवर्तन ल्याई लक्षीत बर्ग समूहलाई बिकासको मूलप्रबाहमा समाबेश गर्न सकिन्छ भन्ने मान्यता राख्दछ ।

नेपालको संविधानमा व्यवस्था भए अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई कानुनी अधिकार क्षेत्र तथा जिम्मेवारी निर्दिष्ट राष्ट्रिय नीति तथा कानुनहरु र अन्तर्राष्ट्रिय प्रतिवद्वताहरु स्थानीयकरण गरि लगु गर्न गराउन आबश्यकता महशुस गरी रोल्पा नगरपालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति निर्माण गरेको छ । लैससास नीति जारी गर्नुको औचित्यता सम्बन्धमा निम्न बुँदाहरुले स्पष्ट पारेको छ ।

क) लैससास सम्बन्धी प्राबधानहरुलाई स्थानीयकरण गरी बिकासको मूलप्रबाहमा लक्षीत समूहको अर्थपुर्ण सहभागिता सुनिश्चत गर्न मार्गनिर्देश गर्दछ ।

ख) खण्डिकृत तथ्यांक सहित लक्षीत समूहको आबश्यकता र मागका आधारमा योजना प्राथमिकिकरण, योजना तर्जुमा तथा कार्यान्वयन गर्न सहयोग गर्दछ ।

ग) दिगो विकास लक्ष्य प्राप्तिका लागि समाजमा रहेको कुरीति, कुप्रथा र सबै प्रकारका बिभेद हटाई समान पहँचु र अवसर प्रदान गरी न्यायपूर्ण समाजको स्थापना गर्न सहयोग गर्दछ ।

घ) नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय प्राबधानहर्रुलाई स्थानीयस्तर देखि नै पुर्ण रुपमा अवलम्बन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री शासन पद्धति अवलम्वन गर्न आधार तय गर्दछ ।

ङ) लैसससाको अबधारणगत बुझाइमा एकरुपता कायम गर्दै समन्वय र साझेदारी अवधारणा बिकास गरि लैङ्गिक उत्तरदायि योजना निर्माण तथा कार्यान्वयन र लैससामैत्री व्यवहारको अवलम्वन गर्न अभिप्रेरीत गर्दछ ।

च) यस रणनीतिले सबै सार्वजनिक, निजी तथा सामाजिक संघसंस्थाहरु बिच नियमित समन्वय र सहकार्यको माध्ययमबाट लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री नीति, कानुन, योजना निर्माण एवं कार्यक्रम कार्यान्वयनमा निर्देशन तथा प्रोत्साहन गर्दछ ।

### ३.७ नगरपालिकाको लैससास रणनीतिमा व्यबस्था गरिएको प्रमुख रणनीति तथा कार्यनीतिहरु :

संघिय सरकारले लैससास क्षेत्रमा जारी गरेका नीति तथा कानुनहरुको स्थानीयकरण गरी नगरपालिकाका लैससास सम्बन्धी प्रमुख मुद्दाहरूलाई सम्बोधन गरी लैससासमैत्री नगरपालिका स्थापना गर्न यस रणनीतिले सहयोग पुग्ने अपेक्षा गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार नगरपालिकालाई प्रदत्त अधिकारको प्रयोग गरी गाउँपालिकाको लागि यो ५ बर्षे "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७८" तयार गरिएको हो । यस रणनीतिको सफल कार्यान्वयनबाट नगरवासीहरूले लैंगिक विभेद र हिंसा रहित समाजमा आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्थाको सुनिश्चितता र अवसरहरुमा समाबेशी पहुँच सुनिशिचत हुनेछ भन्ने बिश्वास गरिएको छ ।

**रणनीति ३.७.१**

नगरपालिकाको बिद्यमान नीति तथा कानुन र कार्यबिधिहरुको पुनरावलोकन गर्ने र आबश्यकता अनुसार लैससास सम्बन्धी नयाँ नीति तथा कानुनर कार्यबिधि निर्माण गरी सुधारउन्मुख अभ्यासद्वारा लैंगिक तथा सामाजिक बिभेदयुक्त संरचनागत अवरोध हटाउने ।

***कार्यनिति***

१. नगरपालिकाको आवधिक एवं वार्षिक योजना, विद्यामान नीति, निर्देशिका र कार्यविधिको अध्ययन तथा विश्लेषण गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित हुनेगरी परिमार्जन तथा संशोधन गर्ने ।

२. लैगिंक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैंगिक उत्तरदायी बजेट निर्माण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा लैससास मूलप्रबाहिकरण गर्दै लैजाने ।

३ लैससास बारे राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना निर्माण, सचेतिकरण तथा क्षमता विकास गर्ने ।

४. लैससास नीति तय गरि नीतिले निर्दिष्ट गरे बमोजिम रणनीति र कार्यनीति कार्यान्वयन गर्न लैससास कार्यान्वयन कार्यविधि वा कार्यान्वयन निर्देशिका बनाई लागु गर्ने ।

५. प्रत्येक बर्ष सबै वडाको योजना तथा बजेट तर्जुमा गर्दा योजनाको हरेक चरणहरूमा बाल-बालिका, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, महिला, आदिबासी जनजाति, दलित, पछाडि पारिएको/परेको वर्ग, अपाङता भएका ब्यक्ति, आदिको अर्थपूर्ण सहभागिता सुनिश्चित गरि उनीहरूको माग र आवश्यकता अनुसार योजना तर्जुमा गरि कार्यान्वयन गर्ने ।

६ महिलाको घरायसी कार्यबोझ कम गरी उत्पादनशिल कार्यमा सहभागिता बढाउन परिवार तहमा प्रोत्साहन गृहणी महिला केन्द्रीत उत्पादन कार्यक्रम संचालन गर्ने ।

७. लैंगिक बिभेद, हानीकारक सामाजिक मुल्य मान्यता र गलत सामाजिक अभ्यास, उमेर समूहका आधारमा गरिने बिभेद, जातीय छुवाछुत, र असमानता र बाल श्रम र बाल विवाह बिरुद्ध समुदाय तहमा सचेतना सम्बन्धी अभियान संचालन गर्ने।

८. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, लगायतका कार्यहरु नियमित गरी संस्थागत गर्ने ।

९. नगरपालिकामा कार्यरत सबै सरोकारवाला निकायलाई लैससास रणनीति सम्बन्धमा अभिमूखिकरण गरी कार्यान्वयन गर्न निर्देशन तथा अभिप्रेरित गर्ने ।

१०. वडा तथा समुदाय तहसम्म लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि अभिमूखिकरण मार्फत स्पष्ट निर्देशन गर्ने ।

११. बैदेशिक रोजगारीमा गएका, यौनजन्य हिंसा वा जोखिममा पेरका महिला श्रमिकको पुनस्थापना र संरक्षण सम्बन्धी कार्यक्रम संचालन गर्ने ।

**रणनीति ३.७.२.**

निरोधात्मक उपाय तथा संरक्षणकारी व्यवस्था मार्फत लैंगिक बिभेदमा आधारित हिंसा तथा दुरव्यवहार बिरुद्ध सचेतना अभिबृद्धि गरी न्यायमा पहुँच बढाउने ।

**कार्यनिति**

१. लैंगिक हिंसा, घरेलु हिंसा तथा यौनजन्य दुरव्यवहार, जातीय बिभेद वा छुवाछुत, र गल्त सामाजिक अभ्यास वा हानिकारक मुल्य मान्यता बिरुद्ध व्यापक सचेतनामूलक कार्यक्रम संचालन गरी हिंसा वा दुरव्यवहार बिरुद्ध वकालत तथा प्रतिकार गर्न सक्ने क्षमता अभिबृद्धि गर्ने ।

२. नगरपालिका र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गर्ने ।

३. बिपन्न बर्गका महिलाको कार्यबोझ घटाउने किसिमका कार्यक्रमहरू जस्तै : खाने पानी, वैकल्पिक उर्जा, सौर्य उर्जा, सुधारिएको चुलो, गोबर ग्यास, खाद्य प्रशोधन कार्यक्रम सञ्चालन गर्ने ।

४. लैंगिक हिंसा, घरेलु हिंसा, बाल हिंसा लगायत सबै प्रकारका बिभेद बिरुद्ध सुन्य सहनशिलता अलम्वन गर्न आचारसंहिता बनाई लागु गर्ने र हिंसा पिडित महिला, किशोरीको लागि मापदण्ड तयार गरी अल्पकालिन संरक्षणको व्यवस्था सुनिश्चित गर्ने।

५. कृषिमा आधारित सीपमूलक तालिम तथा सीप विकास गर्ने जस्तै : कृषिजन्य लघु-उधोगहरूको सञ्चालन तथा व्यवस्थापन, जैविक कृषि ब्यबसाय, ब्यबसायीक तरकारी तथा फलफूल खेती विकास, हाट बजार ब्यबस्थापन तथा प्रबर्द्धन कार्यक्रम लगायत बिपन्न तथा एकल महिला र अन्य सीमान्तकृत समुहहरूको आय बृद्दि गर्न प्रत्यक्ष सघाउ पुग्ने किसिमका तालिम तथा सीप र प्रबिधि हस्तान्तरण साथै अन्य कृषि, पशु विकास, तथा सहकारी बारे विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

६. बिशेष हेरचाहको आबश्यकता भएका बालबालिका र जेष्ठ नागरीकको संरक्षणका लागि बैकल्पीक हेरचाहको ब्यबस्था सुनिश्चित गर्ने ।

७. नगरपालिकामा कार्यरत कर्मचारीको कार्य विवरणमा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धमा संवेदनशिलता अपानाउनु पर्ने विषयहरु समावेश गर्ने ।

८. नगरपालिकाका कर्मचारी र जनप्रतिनिधीलाई लैससास नीतिको बारेमा अभिमूखिकरण गराई लैससासमैत्री कार्यप्रणाली र कार्यव्यवहार अपनाउन सजक बनाउने ।

९. लैंगिक हिंसा, घरेलु हिंसा सार्वजनिक तथा कार्यस्थालमा हुने यौनजन्य दुरव्यवहार र हिंसा बिरुद्ध कानुनी प्रावधान बारे व्यापक प्रचार प्रसार तथा समुदाय तहमा व्यापक जानकारी गराई न्यायमा पहुँच बढाउने ।

१०. प्राकृतिक बिपद, महामारी तथा जोखिमबाट प्रत्यक्ष प्रभावित तथा पिडित महिला र बालबालिका र जेष्ठ नागरीकहरुको संरक्षण तथा पुनस्थापना सम्बन्धमा कार्ययोजना बनाइ लागु गर्ने ।

११. बैदेशिक श्रमबजारमा गई हिंसा र शोषणको जोखिममा परेका वा स्वदेशमै पनि घरेलु कामदार तथा विभिन्न सार्वजनिक निकायमा कार्यरत कामदार महिला, किशोरी वा बालबालिकाहरु माथि भएको हिंसा, दुरव्यवहार वा शोषणको जोखिमबाट उद्धार तथा पुनस्थापनाका लागि मापदण्ड बनाई कार्यान्वयन गर्ने ।

१२. लैगिक हिंसा मुक्त वडा हुदै हिंसा मुक्त नगरपालिका घोषणा गर्न स्थानीय तहको कार्ययोजना बनाई लागु गर्ने, गराउने।

१३. बालिका तथा किशोरी लक्षीत आत्मरक्षा सम्बन्धी सिप तथा क्षमता बिकास तालीमको कार्ययोजना बनाई लागु गर्ने ।

१४. लैंगिक हिंसा तथा यौनजन्य दुरब्यबहार बिरुद्ध आचार संहिता बनाई सबै सार्वजनिक निकायमा टाँस गर्ने ।

**<u>रणनीति ३.७.३.</u>**

उद्यमशिलता सिप बिकास कार्यक्रम मार्फत विपन्न तथा पछाडी पारिएका र बञ्चित ब्यक्ति, समुदायको जिविकोपार्जनमा सुधार गर्ने ।

**<u>कार्यनिति</u>**

१. नगरपालिका क्षेत्रभित्र रहेका महिला, एकल महिला, हिंसा पिडित, अपांग, बिपन्न लगायत वञ्चित ब्यक्ति, समुदायलाई लक्षीत गर्दै कृषि र पशुपालन सम्बन्धी प्राबिधिक सिप तथा क्षमता बिकास तालीम प्रदान गरी प्राबिधिक जनशक्ति तयार गर्ने ।

२. स्थानीय स्रोत तथा कृषि र पशुपालन सम्बन्धी योजना तर्जुमा र बजेट बिनियोजन गरी स्थानिय तहमा रोजगारीका अवसर सृजना गर्ने ।

३. दलित, आदिवासी जनजाति तथा बिपन्न बर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको परिमार्जन र सुधार गरी ब्यवसीकता तर्फ अग्रसर गराउने ।

४. विपन्न एबं बञ्चित ब्यक्ति, समुदायको आर्थिक सामाजिक सशक्तिकरण सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गरी कार्यान्वयन गर्ने ।

५. बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एबं विपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने ।

६. प्राकृतिक स्रोत, उर्वर जमिनको आधारमा कृषि तथा पशुपालन र बनस्पतिमा आधारीत साना उद्योग स्थापना र संचालन गर्न लक्षीत ब्यक्ति समुदायलाई आर्थिक तथा प्राबिधिक सहयोग गर्ने ।

७. रोजगारीमा लक्षीत समूहको पहुँच बढाउन लक्षीत समूह केन्द्रीत लोकसेवा तयारी कक्षा संचालन गर्ने ।

**रणनीति ३.७.४**

लैंगिक समानता तथा सामाजिक समाबेशीमैत्री संयन्त्र निर्माण र न्यायोचीत बितरण प्रणालीलाई संस्थागत गर्ने ।

**कार्यनिति**

१. लक्षित वर्ग/समूहको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जिवनमा अर्थपूर्ण सहभागिता, पहुंच तथा नियन्त्रणमा बृद्दि गर्ने जनचेतनामूलक अभिमूखिकरण तथा सहजिकरण गर्ने ।

२. नियमित सेवा प्रवाहलाई लैससासमैत्री बनाउन नगरपालिकामा लैससास इकाई/शाखा स्थापना गर्ने ।

३. नगरपालिकाको लैससास इकाई/शाखामा काम गर्नका लागि लैससास सम्पर्क व्यक्ति नियुक्त गर्ने ।

४. महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखालाई व्यबस्थीत बनाई परिचालन गर्ने ।

.५. सामाजिक सुरक्षा तथा गरिविनिवारण सम्वन्धि स्थानीय नीति, कानुन, मापदण्ड, विनियम, अध्ययन अनुसन्धान गर्ने

६. नगरपालिकाका संयन्त्र र यसक्षेत्र भित्रका सबै सरकारी निकाय तथा संघसंस्थामा लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था सुनिश्चित गर्ने ।

७. गाउँपालिका र यसक्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्था एबं निजिक्षेत्रबाट सञ्चालित योजना तथा कार्यक्रमको लैंगिक तथा सामाजिक समावेशी परीक्षण (GESI Audit) गर्ने, गराउने ।

८. नगरपालिका लगायत यसक्षेत्र भित्र कार्यरत सेवाप्रदायक संस्थाबाट संचालीत योजना तथा कार्यक्रमको सार्वजनिक सुनुवाई र जनलेखा परीक्षण र लैससास परिक्षण गर्ने कार्यलाई संस्थागत गर्ने ।

९. नियमित सार्वजनिक सुनुवाई कार्यक्रममा लक्षित व्यक्ति समुदायको सहभागिता सुनिश्चित गरी संचालित योजना तथा बजेटका बारेमा सार्वजनिक गर्ने ।

१०.सामाजिक सुरक्षा तथा गरिविनिवारण सम्वन्धि स्थानीय नीति, कानुन, मापदण्ड, विनियम, अध्ययन अनुसन्धान गर्ने ।

११.लक्षित वर्ग /समुह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र सेवा सुविधामा लैंगिक तथा सामाजिक समावेशी पहुँच सुनिश्चितताका लागि न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने ।

१२. सामाजिक सुरक्षाको कार्यान्वयनको लागि संघ प्रदेश र स्थानीय संघ संस्थाहरु संग सम्पर्क, समन्वय र सहकार्य गर्ने ।

१३ सामाजिक सुरक्षा सम्बन्धि स्थानीय तथ्याङ्क र सुचना व्यवस्थापन, गरीब परिवार पहिचान सम्बन्धी स्थानीय सर्बेक्षण, सुचना व्यवस्थापन र नियमन गर्ने ।

१४.स्थानीय सुरक्षा योजना र व्यवस्थापन लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री, जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सवेदनशिल कार्य व्यवहारका लागि मापदण्ड बनाई कार्यान्वयन गर्ने, गराउने ।

१५.सामान्यतया ५० भन्दा बढी घरधुरी भएका वडामा महिला, वञ्चित तथा दलित वर्गको लैंगिक तथा समावेशी सहभागीता सुनिश्चित गर्दै टोल बिकास संस्था गठन गरी परिचालन गर्ने ।

१६.महिला, बालबालिका अपांग, जेष्ठनागरीक, दलित लगायतका वञ्चित वर्गको प्रत्यक्ष पहुँच र क्षमता विकासका लागि उनीहरुको सञ्जाल गठन गरी परिचालन गर्ने।

१७. लैससासमैत्री खण्डीकृत तथ्याँक संकलन र अद्यािबधीक साथै कम्प्यूटरकृत गर्ने ।

**रणनीति ३.७.५**

बिपन्न तथा पछाडी पारिएका र बञ्चित व्यक्ति, समुदायको नेतृत्व विकास क्षमता अभिबृद्धि गरी निर्णायक तहमा प्रतिनिधित्व सुनिश्चित गर्ने र अनुगमन तथा मूल्याङ्कन संयन्त्र लैससासमैत्रि बनाउने ।

**कार्यनिति**

१. नगरपालीकाको सवै नीति निर्माण, योजना र आयोजना तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन प्रत्येक चरणमा लैससास दृष्किोणबाट अनुगमन तथा मूल्याँकन गर्ने  र यसलाई संस्थागत गदै लैजाने ।

२. स्थानीय महिला, एकल महिला, अपांग, यौनिक अल्पसंख्यक, दलित लगायत पछाडी पारिएका व्यक्ति, समुदायको नेतृत्व क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।

३. स्थानीय तहमा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिको नेतृत्व बहन क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने,

४. स्थानीय महिला, दलित लगायत बञ्चित व्यक्ति समुदायलाई नेतृत्व क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालन गरी निर्णायक भूमिका बहन गर्न सक्ने क्षमताको विकास गर्ने ।

५. योजना तथा कार्यक्रम कार्यान्वयन चरणमा लक्षीत ब्यक्ति वा समुदायको लैंगिक तथा समाबेशी प्रतिनिधित्व सुनिश्चित गर्ने, गराउने ।

६. उपभोक्ता समितिको मुख्य निर्णायक पद क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने ।

७. नगरपालिकामा गठन भएका लक्षीत ब्यक्ति, समुदायका सञ्जाललाई क्षमता विकास सम्बन्धी तालीम मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता बृद्धि गर्ने ।

८. लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत अनुगमन संयन्त्र (संजाल) बनेछ ।

९. लैङ्गिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी कार्यनीति तथा पद्धति हुनेछ र अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ।

१०. लैससास सम्बन्धी राष्ट्रिय कानुन तथा नीति र अन्तराष्ट्रिय प्राबधानहरुको स्थानीयकरण गर्न दिगो बिकास लक्ष्य, महिला महासन्धी, बाल अधिकार महासन्धी, बेईजि सम्मेलनबाट पारित गरिएका १२ वटा महिला सरोकारका क्षेत्र लगायतका प्राबधानहरु बारे नगर लगायत वडा तहमा जानकारी गराउन तालीम कार्ययोजना बनाई कार्यान्वयन गर्ने  ।

## ३.८. रोल्पा नगरपालिकाको लैससास मूलप्रबाहिकरण रणनीति कार्यान्वयन कार्ययोजना

| रणनीतिक उदेश्य | प्रमुख क्रियाकलाप कतिपटक | समयाअवधि सालवसाली | लक्षित समूह | जिम्मेवारी कसले गर्ने /नेतृत्व लिने |
|---|---|---|---|---|
| **३.४.१.**नगरपालिकाको नितिगत, संस्थागत संरचना र कार्यक्रमहरुमा लक्षित वर्ग, समुहको नेतृत्व क्षमता बिकास गरी निर्णायक तहमा पहुँच बृद्धि र सबै जात, जातीको अर्थपूर्ण सहभागिता सुनिश्चित गराई लैगिक अन्तरहरुको प्रभावलाई सम्बोधन गदै लैगिक मूलप्रबाहिकरण र सशक्तिकरण हुदै गएको हुनेछ । | १. महिला र विपन्न समुदायका लागि आयआजर्नन तथा सिप बिकास तालीम संचालन गर्ने ।<br>२ महिला, दलित तथा बिपन्न लक्षीत समूहलाई उत्पादनमुलक व्यवसायका लागि निश्चित प्रतिशत बजेट व्यवस्था गरि कार्यक्रम गर्ने गराउने<br>३.. स्थानीय स्रोत साधनको उपयोग र लाभ प्राप्तीमा लक्षित वर्गको पहुँच बृद्धिका लागि क्षमता बिकास र जनचेतनाका कार्यक्रम संचालन गर्ने ।<br>४. खण्डिकृत तथ्यांक संकलन तथा अद्यावधीक गरी सोही आधारमा निश्चित प्रतिशत रकम विनियोजन गरि कार्यक्रम सञ्चालन गरिने छ ।<br>५) नेतृत्व बिकास र कानुनी हक हधिकार बारे तालीम संचालन गरी निर्णायक भूमिकामा समाबेशी र अर्थपुर्ण सहभागिता बढाउने<br>६) रोजगारीमा पहुँच बढाउन लक्षीत समूह केन्द्रीत लोकसेवा तयारी कक्षा संचालन गर्ने । | आ.व. २०७९।०८० देखि निरन्तर कार्यान्वयन गर्ने । | लक्षीत गरिएका महिला, दलित, अपाङ्ग, जनजाती, एकल महिला, अतिविपन्न, दुर्गम बस्तीका समुदाय आदि । | ▪ नगरकार्यपालिका,<br>▪ सुचना शाखा,<br>▪ महिला तथा बालवालिका शाखा |
| ३.४.२.समाजमा बिद्यमान | १) लैंगिक हिंसामुक्त नगरपालिका घोषणाका लागि | २०७९।०८० देखि निरन्तर | महिला, एकल महिला, असाह्य महिला, | ▪ नगरकार्यपालिका, |

| | | | | |
|---|---|---|---|---|
| लैंगिक बिभेद, सामाजिक असमानता, लैंगिक हिंसा, घरेलु हिंसा, बालश्रम, बाल बिबाह बिरुद्ध निरोधात्मक अभियान तथा सामाजिक जागरण मार्फत न्यायमा पहुँच अभिबृद्धि भएको हुनेछ । | नगरपालिकाको आबीधक कार्ययोजना बनाई लागु गर्ने गराउने ।<br>२) घरेलु हिंसा तथा लैंगिक हिंसा बिरुद्ध कानुनी प्राबधानहरु बारे समुदाय तहमा कानुनी साक्षरता तालीम तथा अभिमूखिकरण संचालन गर्ने ।<br>३) लैंगिक हिंसा बिरुद्ध आचारसंहिता बनाई सबै सार्वजनिक कार्यालयमा टाँस गर्ने ।<br>४) नगरपालिकामा गुनासो सुनुवाई संयन्त्र बनाई लागु गर्ने ।<br>५) न्यायिक समिति लगायत मेलमिलाप केन्द्र र मेलमिलापकर्ताहरुको क्षमता बिकास गरी परिचालन गर्ने<br>६) घरेलु हिंसा अन्त्यका लागि वडा तथा समुदाय तहमा जोडी तालीम तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।<br>७) मदिरा सेवनका कारण अधिकांस घरेलु हिंसा हुने भएकोले मदिरा बिक्रि बितरण तथा सेवनलाई नियमन गर्न नगरपालिकाको कार्यबिधि बनाई लागु गर्ने ।<br>८) लैंगिक हिंसा र घरेलु हिंसा बिरुद्धका अभियान मार्फत टोल हुदै वडा र गाउँपालिका घोषणाको कार्ययोजना बनाई लागु गर्ने ।<br>९) सुरक्षीत मातृत्व र प्रजनन् अधिकार बारे महिला समूह, आमा समूह र सहकारीका सदस्यहरु बिच अन्तरक्रिया गर्ने ।<br>१०) अति बिपन्न, असाह्य, ज्येष्ठ नागरीकका लागि | | बालिका, किशोरी, मदिरा सेवान गर्ने पुरुष, होटल व्यबसाय,सबै सरोकारवाला निकाय । | ▪ लैंससास सम्पर्क ब्यक्ति<br>▪ महिला तथा बालवालिका शाखा |

| | | | | |
|---|---|---|---|---|
| | निशुल्क स्वास्थ्य विमाको व्यवस्था गर्ने ।<br>११) जातिय छुवाछुत विषयमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।<br>१२) दाईजो प्रथा, छुवाछुत प्रथा, धामीझाक्रि प्रथा, मदिरा नियमन तथा नियन्त्रणका लागि कार्यबिधि बनाई लागु गर्ने गराउने ।<br>१३) सबै प्रकारका बिभेद, बाल बिबाह, बहुबिबाह लगायत सामाजिक अपराध बिरुद्ध जनचेतना अभिबृद्धि गर्न कानुनी साक्षरता कक्षा संचालन गर्ने ।<br>१४) नगरपालिकाले निर्माण गरेको बाल संरक्षण नीति बनाई प्रभावकारी कार्यान्वयन गर्न गराउन वडा तहसम्मको बालबालिकाहरुको संयन्त्र बनाई परिचालन गर्ने ।<br>१५) सरोकारवाला बिच समन्वय र सहकार्य बिस्तार गरी बाल बिबाह बिरुद्ध जागरण अभियान संचालन गर्ने ।<br>१६) बाल बिबाह बिरुद्ध सामाजिक बहिष्कार बढाउन र कानुनी दायरामा ल्याउन प्रेरित गर्न कानुनी शिक्षा सम्बन्धी अभिमूखिकरण तथा अन्तरक्रिया संचालन गर्ने ।<br>१७) बालमैत्री संरचना निर्माण गर्न, गराउन कार्यबिधि बनाइ लागु गर्ने । | | | |
| ३.४.३. आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, सांस्कृतिक र | १) जनप्रतिनिधी र कर्मचारीहरुका लागि लैससास बिषयमा क्षमता बिकास योजना बनाई कार्यान्वयन गर्ने | आ.व. २०७९।०८० देखि निरन्तर | सरोकारवाला | नगरकार्यपालिका, महिला तथा बालबालिका |

| | | | | |
|---|---|---|---|---|
| स्वास्थ्यका हिसावले लक्षित वर्गहरु विकासको मूलप्रबाहमा समाहित हुनेछन् । | २) लक्षित बर्ग समुदायका लागि आर्थिक, सामाजिक र राजनैतिक बिकासका लागि हरेक बर्ष निश्चित प्रतिशत रकम बियोजन गरी कार्यान्वयन गर्ने गराउने ।<br>३) लक्षित बर्गहरुलाई नेतृत्व बिकास सु तथा क्षमता बिकास सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।<br>४) निशुल्क शिक्षा अनिवार्य गर्ने ।<br>५) बिपन्न परिवारका बालबालिकाहरुका लागि शैक्षिक सामाग्री तथा पोशाक लगायत शिक्षासंग सम्बन्धीत सामाग्री निशुल्क ब्यबस्था गर्न बार्षिक योजना तथा बजेट बिनियोजन गर्ने ।<br>६) आधारभुत स्वास्थ्य सेवा निशुल्क गर्ने<br>७) महिलाहरुको प्रजनन स्वास्थ्य सेवा प्रभावकारी बनाउन जनचेतना र प्रोत्साहनका कार्यक्रम संचालन गर्ने ।<br>८) गृहणी महिला लक्षित आयआर्जन तथा क्षमता बिकासका कार्यक्रम संचालन गर्ने ।<br>९) महिलाहरुलाई नेतृत्व बिकासका कार्यक्रम मार्फत निर्णायक क्षमता बृद्धि गर्ने । | | | शाखा , सामाजिक बिकास समिति |
| ३.४.४. लैससासमैत्री कार्यप्रणाली र लैङ्गिक उत्तरदायि बजेट तर्जुमा भै कार्यान्वयन भएको हुनेछ । | १) लैङ्गिकमैत्रि बालमैत्री, अपांगमैत्री संरचना निर्माण सम्बन्धी नगरपालिकाको कार्यबिधि बनाई लागु गर्ने, गराउने ।<br>२) नगरपालिकाका लैंगिक समानता र सामाजिक समाबेशीकरण सम्बन्धी कार्यक्रम तथा बजेट एकद्धार | आ.व. २०७९।०८० देखि निरन्तर | सरोकारवाल सार्वजनिक निकाय, स्थानीय संजाल, स्थानीय संघसंस्था, दातृ निकाय, निजी क्षेत्र आदि । | नगरकार्यपालिका, महिला तथा बालबालिका शाखा |

| | | | | |
|---|---|---|---|---|
| | प्रणाली मार्फत कार्यान्वयन गर्ने ब्यबस्था गर्ने ।<br>३) लैससास सम्बन्धी बनेका नीति तथा कानुन कार्यान्वयन गर्न गराउन सबै सरोकारवाला र लक्षीत समुह बिच अभिमूखिकरण मार्फत जानकारी गराई कार्यान्वयन गर्न निर्देशन तथा प्रोत्साहन गरिनेछ ।<br>४) अनुगमन मुल्यांकन प्राणालीलाई व्यवस्थित र नियमित गर्ने | | | |
| ३.४.५. नगरपालिकाको निति निमार्ण तथा निर्णायक तहमा **लैससास** दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन कार्यलाई संस्थागत गर्दै समावेशी सहभागिता सुनिश्चित गर्न नीतिगत व्यवस्था लागु हुनेछ । | १) वडा तह र गाउँपालिका तहको लैससास अनुगमन तथा निर्देशन समिति गठन गरी परिचालन गर्ने ।<br>२) लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण कार्यलाई नियमित गर्ने ।<br>३) नगरपालिकाका नीति तथा योजना र कार्यक्रम लैससास उत्तरदायि बनाउन सम्बन्धी वडा तथा बिषयगत शाखाहरुसंग नियमित समन्वय र आबश्यक निर्देशन गर्ने ।<br>४) नगरपालिकाबाट संचालित योजना तथा कार्यक्रमबाट भएको उपलब्धी लैससासमैत्री भए नभएको मुल्यांकन गरी आबश्यक सुझाव दिने ।<br>५) लैससासमैत्री सचना प्रबाह सम्बन्धी संयन्त्र बिकास गर्ने । | आ.व. २०७९।०८० देखि निरन्तर | सरोकारवाल सार्वजनिक निकाय, स्थानीय संजाल, स्थानीय संघसंस्था, दातृ निकाय, निजी क्षेत्र आदि । | नगरकार्यपालिका, महिला तथा बालबालिका शाखा, सुचना शाखा । |

## परिच्छेद ४ :

## लैससास रणनीति कार्यान्वयन तथा अनुगमन प्रणाली

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र नगरपालिकाको शासन पद्धती, सेवा प्रवाह र कार्यप्रणालीलाई लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउन सकिन्छ । नगरपालिकाको लैससास नीति तथा रणनीतिले सरोकारवालाहरुको लागि निर्दिष्ट गरेको कार्यभूमिकाको प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला बिच नियमित समन्वय तथा साभ्केदारी र नियमित अनुगमन समेत गरिनेछ । नगरपालिकाका जनप्रतिनिधी र कार्यरत सबै कर्मचारीलाई लैससास रणनीतिको महत्व र कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । त्यसैगरी नगरपालिकामा क्रियाशिल सबै संयन्त्र लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, विकास साभ्केदार निकाय र निजीक्षेत्र समेतलाई लैससास रणनीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित तथा निर्देशन गर्नेछ । यसैगरी लैससास रणनीतिको प्रभाबकारी कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण तथा परिचालन र परिचालीत मानव स्रोतको क्षमता बिकास गरिनेछ ।

### ४.१.. लैससास मूलप्रबाहीकरणका लागि संस्थागत संयन्त्र :

नगरपालिका अन्तर्गतका भौतिक संरचना लगायत संस्थागत संयन्त्रहरुमा लैससास रणनीतिले निर्दिष्ट गरे बमोजिम सुधार गरी लैंगिकमैत्री बनाइनेछ । नगरपालिकाको सबै संरचनाहरुमा संस्थागत व्यबस्थापन साथै पारिचालन सम्बन्धी सिपको बिकास गर्न र सामुदायिक विकास कार्यक्रममा समानुपातीक सहभागिता र समावेशीकरण प्रक्रियालाई समाहित गर्नु आवश्यक रहेको छ । लैससास रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका संस्थागत संयन्त्रहरु स्थापना र व्यबस्थापन गरी कार्य प्रक्रिया अगाडी बढाइनेछ ।

(क) लैंगिक समानता तथा सामाजिक समाबेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ ।

(ख) लैससास शाखा चलायमानका लागि लैंगिक सम्पर्क ब्यक्ति (Gender Focal Person) नियुक्त गरी कार्यबिबरण तोकीनेछ ।

(ग) नगरपालिकामा कार्यरत महिला कर्मचारीहरु र नगरालिकामा सेवा लिन आउने महिला सेवाग्राहीहरुलाई सहजताका लागि लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको ब्यबस्था गरिनेछ ।

(घ) हिंसा पिडित तथा प्रभावित, जेष्ठ नागरीक र असाह्य तथा अबिभावक बिहिन बालबालिकाका लागि सुरक्षीत संरक्षण अथवा बैकल्पीक हेरचाह एबं स्याहार केन्द्रको ब्यबस्था गर्ने ।

(ङ) नगरपालिका क्षेत्र भित्रका लैंगिक बिभेद तथा लैंगिक हिंसाहरु र कार्यस्थलमा हुने यौनजन्य दुर्ब्यबहार सम्बोधनका लागि गुनासो सुनुवाइ संयन्त्र निर्माण गर्ने ।

(च) वडा तहमा गठन हुने टोलल बिकास संस्था र उपभोक्ता समितिमा समाबेशी प्रतिनिधित्व सुनिश्चित गर्ने ।

(छ) नगरपालिकाबाट उपलब्ध गराइने सेवा तथा स्रोतहरु र लाभ बितरणमा महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, एकल महिला, अपांगता भएका ब्यक्तिहरु लगायत पछाडि पारिएका समुदायहरुको पहुँच बृद्धिका लागि सञ्जाल गठन गरी उनीहरुको आर्थिक सामाजिक सशक्तिकरण मार्फत नगरपालिकाको सबै क्षेत्रको बिकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

(ज) लैससासमैत्री सुचना प्रणालीको बिकास गर्ने ।

## ४.२.. लैससास रणनीति कार्यान्वयनको लागी स्रोत परिचालन :

रोल्पा नगरपालिकाबाट लैससास रणनीति कार्यान्वयन कार्ययोजना कार्यान्वयनकालागि आबश्यक स्रोत संकलन तथा परिचालन गर्न निम्न प्रक्रियाहरु अवलम्वन गरिनेछ ।

क) नगरपालिकाको कूल स्रोत तथा बजेटको निश्चित प्रतिशत रकम लैससास क्षेत्रमा सुधारका लागि बिनियोजन गर्ने व्यबस्था मिलाउने ।

ख) नगरपालिकामा लैससासको क्षेत्रमा क्रियाशिल सबै सरोकारवाला निकाय बिच नियमित समन्वय र सहकार्य गरी स्रोत परिचालन गर्ने क्रममा एकद्धार प्रणाली अवलम्वन गर्ने ।

ग) लैससास रणनीतिमा तोकीए बमोजिमको कार्यभूमिका वा जिम्मेवारी कार्यान्वयनका लागि सबै निकायहरु वीच अभिमूखिकरण गराई कार्यान्वयनका लागि निर्देशन गर्ने ।

घ) नगरपालिकामा महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल सबै निकायको योजना तथा कार्यक्रम र बजेट लैंगिक उत्तरदायी तथा योजना निर्माण र योजना निर्माण प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न सबै सरोकारवालाहरुलाई आबश्यक समन्वय तथा निर्देशन गर्नेछ ।

ङ) नगरपालिकाको सिमित स्रोतको अधिकतम उपयोग हुने गरी स्रोत परिचालन गर्दा बञ्चित समुदायलाई बिकासमा मूलप्रबासहकरण गर्न आबश्यकता र अवस्था अनुसार न्यायोचित वितरण प्रणाली अवलम्वन गर्ने ।

## ४.३. अनुगमन प्रणाली :

रोल्पा नगरपालिकाबाट निर्माण गरिएको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण रणनिति प्रभावकारी कार्यान्वयन भए नभएको सुनिश्चित गर्न बार्षिक रुपमा लैंगिक समानता तथा सामजिक समाबेशीकरण परिक्षण गर्नुका साथै नगरपालिका र वडा तहमा अनुगमन संयन्त्र गठन गरि परिचालन गरिनेछ । नगरपालिकाको अनुगमन टोलीमा सुपरिवेक्षण तथा अनुगमन समिति र लैससास शाखाका प्रतिनिधीहरुको प्रतिनिधित्व गराइनेछ । साथै उक्त टोलीमा महिला, बालबालिका तथा वञ्चित समूहहरूको प्रतिनिधित्व समेत सुनिश्चित हुनेछ ।

### ४.३.१. अनुगमन संयन्त्र गठन तथा परिचालन :

रोल्पा नगरपालिकाको लैंगिक तथा सामाजिक समाबेशीकरण रणनीतिले निर्दिष्ट गरेका नीति तथा कार्यनीतिहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरि आबश्यक सुधार गर्नका लागि अनुगमन संयन्त्रको गठन गरि पचिालन गरिनेछ । लैंगिक उत्तरदायी कार्यक्रम तथा बजेट तर्जुमा

र कार्यान्वयनका बिषयमा बार्षिक लेखाजोखा गर्न नियमित अनुगमन गरी तोकीएको ढाँचामा बार्षिक प्रतिबेदन तयार गरी सोही आधारमा आगामी योजनामा सुधारका लागि सुझाव प्रस्तुत गरिनेछ ।

नगरपालिकाद्धारा जारी गरिएको लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन भए नभएको नियमित अनुगमन तथा मुल्यांकन गरी सुधारका लागि आवश्यक निर्देशन गर्न देहाय बमोजिमका व्यक्ति वा निकायको प्रतिनिधित्व रहने गरी लैससास रणनीति कार्यान्वयन तथा अनुगमन समिति गठन गरी कार्यविवरण तोकीएको छ ।

**(क) नगरपालिकास्तरीय लैससास अनुगमन तथा निर्देशन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | |
|---|---|
| १) नगर प्रमुख | संयोजक |
| २) नगर उपप्रमुख | सदस्य |
| ३) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ४) सामाजिक बिकास समिति संयोजक | सदस्य |
| ५) पालिकास्तरीय लक्षित समूह सञ्जालबाट नगर प्रमुखले तोकेको कम्तीमा एक महिला अनिवार्य सहित २ जना प्रतिनिधी | सदस्य |
| ६) महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा प्रमुख | सदस्य सचिव |

**(ख) लैससास अनुगमन तथा निर्देश समितिको काम कर्तव्य र अधिकार**

१) लैससास कार्यान्वयन तथा अनुगमन समितिको बैठक संचालन सम्बन्धी कार्यबिधि बनाई लागु गर्ने ।

२) बिभिन्न सरोकारवालाको सहभागितामा बार्षिक समिक्ष बैठक गरी अनुगमनबाट तयार गरिएको प्रगति समिक्षा गर्ने र आवश्यक सुझावहरु कार्यान्वयनका लागि नगरकार्यपालिकामा पेश गर्ने ।

३) लैंगिक, सामाजिक, भौगोलिक, आर्थिक तथा सास्कृतिक दृष्टिले पछाडी परेका समूहको समग्र स्थितिको अध्ययन तथा बिश्लेषण गरी आबश्यकता अनुसार नीतिगत, कानुनी तथा संस्थागत सुधारका बिषयमा गाउँसभमा सिफारिस गर्ने ।

४) लैंगिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति समुदायलाई लक्षित गरी नेतृत्व क्षमता विकासका नीति, योजना तथा कार्यक्रम तर्जुमा भए नभएको अनुगमन गरी लैससासमैत्री बनाउन आबश्यक सुझाव दिने ।

५) लैससास नीति तथा रणनीतिसंग सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन चरणमा आबश्यकता अनुसार सहयोग तथा समन्वय गर्ने र नियमित अनुगमन गरी सुधारका लागि हरेक चौमासिक रुपमा सम्बन्धीत बिषयगत शाखा तथा निकायहरुलाई सुझाव पेश गर्ने ।

६) वडा तह र समग्र नगरपालिकाको लैससास हिसावले खण्डिकृत तथ्यांक संकलन तथा बिश्लेषण गरी सोही अनुरुप बार्षिक नीति तथा कार्यक्रम र योजना निर्माण गर्न योजना तर्जुमा समिति र नगरसभामा सिफारिस गर्ने ।।

७) लैससास बजेट परिक्षण कार्यदल संग समन्वय गरी सबार्षिक रुपमा लैससास बजेट परिक्षण गर्न अभिप्रेरित गर्ने ।

८) लैङ्गिक हिंसा, घरेलु हिंसा, लैंगिक बिभेद, यौनजन्य दुरव्यवहार, शोषण लगायत विभिन्न जेखिममा रहेका महिला किशोरी र बालिकाहरुको संरक्षणका लागि राहात, पुनस्थापन र र बैकल्पीक हेरचाह सम्बन्धी कार्य योजना बनाई लागु गर्न निर्देशन गर्ने ।

९) लैससास रणनीति कार्यान्वयन क्रममा आउन सक्ने सम्भावित जोखिम न्यूनिकरणका लागि सुझावहरु पेश गर्ने ।

१०) लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति तथा कानुनहरुको स्थानीयकरण गरी कार्यान्वयन गर्न गराउन बिभिन्न सरोकारवाला निकाय बिच नियमित समन्वय र साझेदारी गर्ने ।

(ग) **वडास्तरको लैससास अनुगमन तथा निर्देशन उपसमितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | |
|---|---|
| १) वडा अध्यक्ष | संयोजक |
| २) वडा समितिका सबै सदस्यहरु | सदस्य |
| ३) वडास्तरीय लक्षित समुह सञ्जाल मध्येबाट वडाले तोकेको कम्तीमा एक महिला सहित २ जना प्रतिनिधी | सदस्य |
| ४) वडास्तरीय बाल संजालको अध्यक्ष | सदस्य |
| ५) वडा सचिव | सदस्य सचिव |

**(घ) वडास्तरीय अनुगमन तथा निर्देशन उपसमितिको काम कर्तब्य र अधिकार**

१) लैंससास हिसावले वडा तहको खण्डिकृत तथ्याङ्क संकलन तथा नियमित अद्याबधीक गर्ने गराउने व्यबस्था मिलाउने ।

२) वडातहका योजना तर्जुमा छनौट प्रकृयामा विपन्न तथा बञ्चित वर्ग र महिलाहरुलाई अनिवार्य सहभागी गराउने वातावरण मिलाउने

३) वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच तथा लाभ प्राप्तीमा समाबेशी पहुँच सुनिश्चित गर्ने ।

४) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन अनुगमन गरी आबश्यक सुझाव दिने ।

५) नगरपालिकाले लैससास रणनितिमा प्राथमिकिकरण गरेका लक्षीत समुहको आर्थिक सामाजिक र राजनैतिक शसक्रिकरणका लागि योजना तथा कार्यक्रम बनाई गाउँसभामा पेश गर्ने ।

६) वडास्तरमा संचालीत योजना तथा कार्यक्रमहरु लैससासमैत्री भए नभएको अनुगमन गरी लैससास उत्तरदायी बनाउन पहल गर्ने ।

### ४.४.. लैससास रणनीति कार्यान्वयन सम्बन्धी सम्भाव्य जोखिम तथा न्यूनिकरणका उपायहरु :

लैससास विषय अन्तरसम्बन्धित सवाल भएकोले कुनै एउटा मात्र निकायको पहलमा लैससासमैत्री शासन प्रणाली पुर्णत अवलम्वन गर्न सकिदैन । लैंगिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण गर्न यस नगरपालिका लगायत सबै सरोकारवाला निकायहरुको निकटतम समन्वय र सहकार्यको आवश्यकता पर्दछ । लैससास नीतिले प्रत्याभुत गरेका प्रावधानहरु कार्यान्वयनका सन्दर्भमा समाजमा बिद्यमान हानिकारक गलत सामाजिक अभ्यास तथा प्रचलन र पितृसतात्मक सोंचको कारण विभिन्न जोखिमहरु सामना गर्नुपर्ने अवस्था आउने देखिन्छ । लैससास रणनीतिमा उल्लेखित रणनीति कार्यान्वयन कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने देहाय बमोजिमका सम्भाव्य जोखिम तथा चुनौतीहरुको आधारमा जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरु अवलम्वन गरिनेछ ।

| **संभावित जोखिम** | **जोखिम न्यूनीकरणका उपायहरु** |
|---|---|
| क) नगरपालिकाका जनप्रतिनिधी र कर्मचारीमा लैससास सम्वन्धी साझा बुझाईमा एकरुपताको कमि आउन सके जोखिम । | १) सहभागितात्मक अभिमूखिकरण तथा सहजीकरणबाट लैससास अवधारणाबारे समान बुझाई बनाउने ।<br>२) लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधान बारे अभिमूखिकरण गर्ने । |
| ख) भौतीक विकासका कार्यक्रमले जस्तो सामाजिक विकासका कार्यक्रमले तत्काल परिणाम देखाउन नसकिने हुदा लैससास विषय वा सवाल नगरपालिकाको प्राथमितामा नपर्न सक्ने जोखिम । | १) लैससासको महत्व र सरकारद्वारा जारी गरिएका कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्धता बारेमा जानकारी गराई लैससास बिषयलाई प्राथमितामा राख्न नीतिगत व्यवस्था गर्ने ।<br>२) लैंगिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि नियमित समन्पयलाई प्रभावकारी बनाउने । |
| ग) लैससास रणनीति कार्यान्वयनका लागि नगरपालिकासंग आवश्यक ज्ञान, क्षमता र दक्ष मानबस्रोतको कमी हुन सक्ने जोखिम । | १) नगरपालिकाबाट बार्षिक रुपमा क्षमता विकास कार्ययोजना बनाई कार्यान्वयन गर्ने<br>२) नगरभित्र दक्ष मानवस्रोतको उत्पादन तथा परिचालन गर्ने । |
| घ) लैससास नीतिमा उल्लेखित प्राबधानहरु कार्यान्वयन गर्न स्रोत साधनको सीमितताको जोखिम । | १) नगरपालिकाको स्रोत परिचालनमा न्यायोचित बितरण प्रणालीको अवलम्बन गर्ने ।<br>२) वार्षिक योजना तर्जुमा तथा बजेट बिनियोजन गर्दा लैससास सम्बन्धी विषयहरुलाई प्राथमिकतामा राख्न नियमित समन्वय तथा सहजीकरण गर्ने ।<br>३) लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि सम्बन्धित संघ संस्थासंग समन्वय र सहकार्य गरी एकद्धार प्रणाली मार्फत कार्यक्रम कार्यान्वयन |

| | |
|---|---|
| | गर्ने व्यबस्था मिलाउने । |
| ङ) नगरपालिका लैससास उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा प्रति संबेदनशिलताको अभाव हुन सक्ने जोखिम । | १) लैससास उत्तरदायी योजना तथा बजेट र कार्यक्रमका लागि नियमित लैससास परिक्षण गरी सुझाव कार्यान्वयन गर्ने गराउने । |
| च) टोलबस्ती तथा वडास्तरबाट लैससाससँग सम्वन्धित योजना तथा कार्यक्रमहरु छनौटमा नपर्न सक्ने जोखिम । | १) लक्षित बर्ग समुदायको अवस्था पहिँचान र विश्लेषणका आधारमा योजना छनौट गर्न सहजीकरण गर्ने ।<br>२) योजना तर्जुमा प्रक्रियामा लक्षित बर्ग समुदायको अर्थपूर्ण सहभागिता बृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गर्ने । |
| छ) वन्चितीकरणमा परेका वर्ग तथा क्षेत्रको आर्थिक सशक्तिकरणमा कमी आउन सक्ने जोखिम । | १) उद्यमशिलता विकास कार्यक्रमहरु मार्फत लक्षित बर्ग समुदायको रोजगारी र आयआर्जनका कार्यमा संलग्न गराउने ।<br>२) लक्षित व्यक्तिहरुलाई कृषि, पशुपालन लगायतका क्षेत्रमा प्राविधिक सिप तथा तालिमको व्यवस्था गरी उत्पादन भएका प्राविधिक जनशक्तिको आर्थिक शसक्तिकरणका लागि रोजगारीका अववसर सृजना गर्ने |
| ज) खण्डिकृत तथ्याङ्क तथा सूचनाहरुको आधारमा योजना र कार्यक्रमहरु तयार हुन नसक्ने जोखिम । | १) सबै वडाहरुमा खण्डिकृत तथ्यांक अद्यावधिक गरी सोही आधारमा योजना तर्जुमा प्रक्रिया सम्पन्न गर्न समन्वय तथा सहजीकरण गर्ने । |
| झ) स्थानीय स्रोत तथा लाभ र अवसरहरुमा लैंगिक तथा समावेशी पहुँच कम हुन सक्ने जोखिम । | १) योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा अनुगमन तथा निर्देशन प्रणालीलाई नियमित र प्रभावकारी बनाई सुधारका पक्षहरु औल्याई कार्यान्वयनका लागि सम्बन्धित पक्षलाई सुझाव सहित निर्देशन गर्ने । |
| ञ) बिभिन्न समयमा आउन सक्ने बिपद तथा महामारीको जोखिम । | १) नगरको बिपद जोखिम न्यूनकरण योजना बनाई लागु गर्ने ।<br>२) बिपद कोष स्थापना गरी लैससामैत्री हुने गरी परिचालन गर्ने । |

## ४.५. कानुनी व्यवस्था तथा पुनरावलोकन

नगरपालिकाद्धारा जारी गरिएको लैससास रणनीति निश्चित अबधीका लागि लागु गरिएकोले आबधीक समिक्षाका आधारमा प्राप्त सुझावहरु समेत समाबेश हुनेगरी सुधार गर्नुपर्ने हुन्छ । लैससास रणनीति निर्माणको क्रममा राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी प्राबधानहरुलाई आधार मानिएको छ ।

### ४.५.१. कानुनी व्यवस्थाको पालना तथा कार्यान्वयन

रोल्पा नगरपालिकाद्धारा जारी गरिएको लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन र नगरपालिका लगायत सबै सरोकारवालाहलाई स्पष्ट कार्य निर्देशनका लागि लैससास कार्यान्वयन कार्यविधि र आवश्यकता अनुसार लैङ्गिक हिंसा, घरेलु हिंसा, बालश्रम, बाल बिबाह लगायत सामाजिक कुरिती र

कुप्रथा बिरुद्ध कार्ययोजना वा निर्देशिकाहरु समेत निर्माण गरी लागु गर्न सकिनेछ । नगरपालिकाका सबै वडा लगायत बिषयगत शाखाले कार्ययोजना निर्माण गर्दा नेपालको संविधानमा व्यवस्था गरिएको लैंगिक समानता र महिलाको हक, स्थानीय सरकार संचालन ऐनमा व्यवस्था भएको लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी प्रावधान र अन्तराष्ट्रिय महासन्धी, घोषणापत्रहरुमा उल्लेखित प्रावधानहरुलाई आधार मानिएको छ ।

### ४.५.२. .नीतिको पुनरावलोकन तथा सुधार

रोल्पा नगरपालिकाद्वारा जारी गरिएको लैससास रणनीति २०७८ लाई आबधीक समिक्षाको आधारमा समसामयिक विषयहरुमा आवश्यकता अनुसार पुनरावलोकन गरी परिमार्जन वा सुधार गरिनेछ । लैससास रणनीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको पक्षको नियमित अनुगमन तथा मूल्याङ्कननको आधारमा समिक्षा वा पुनरावलोकन गरी आवश्यकता अनुसार आवधिक रुपमा समसामयिक विषयहरुमा परिमार्जन एवं सुधार गरिने छ ।

**अनुसुचीहरु :**

## अनुसुची १

लैससास रणनीति निर्माण तथा कार्यान्वयन कार्यदल गठन :

लैससास निर्माण तथा कार्यान्वयन कार्यदलमा सहभागिहरुको बिबरण निम्नानुसार उल्लेख गरिएको छ :

१) संयोजक : श्री मन कुमारी घर्तिमगर नगर उपप्रमुख
२) सदस्य: श्री लिलाराम सुनार कार्यपालिका सदस्य
३. सदस्य : श्री तिलमती बि.क. कार्यपालका सदस्य
४) सदस्य: श्री भिम बहादुर घर्तिमगर कार्यपालिका सदस्य
५) सदस्य श्री तुल बहादुर घर्तिमगर कार्यपालिका सदस्य
६) सदस्य : श्री खिमा पुन सहायक महिला बिकास निरिक्षक
७) सदस्य सचिव : श्री पबित्रा बुढा महिला तथा बालबालिका शाखा प्रमुख

## अनुसुची २

**रोल्पा नगरपालिका** भित्र लैससासको क्षेत्रमा क्रियाशिल सरोकारवालाहरु :

- महिला तथा बालवालिका शाखा, न्यायिक समिति, लगायत सबै विषयगत शाखाहरु
- वडा कार्यालय
- नगरपालिका तथा वडास्तरीय बालअधिकार समिति
- हिंसा पिडित महिला, बालिका र किशोरीका लागि जिल्लामा अल्पकालिन सेवा केन्द्र
- एकल महिला जिल्ला संजाल
- टोल विकास संस्था लगायत बिभिन्न उपभोक्ता समिति, अपांग संजाल
- शिक्षण संस्थाहरु
- अस्पताल र अस्पतामा आधारीत एक द्धावार संकट व्यवस्थापन केन्द्र ।

- लैससास. निर्माण तथा कार्यन्वयन कार्यदल
- प्रहरी चौकी र जिल्ला प्रहरी कार्यालय (महिला सेल)
- जिल्ला अदालत र जिल्ला सरकारी वकिल कार्याल
- जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समिति
- गैसस महासंघ लगायत हुरेक नेपाल, रुडास नेपाल, यू.एन.एफ. पि.ए., नेपाल रेडक्रस सोसाइटी
- पत्रकार महासंघ र बिभिन्न सञ्चार माध्यम
- स्वास्थ्य संस्था, आमा समूह र महिला स्वास्थ्य स्वयंसेवीका
- बैङ्क तथा वित्तिय संस्थाहरु
- प्रदेश मन्त्रालय तथा विषय गत शाखा र संघिय तहका मन्त्रालय तथा कार्यलय विषयगत शाखा

## अनुसुची ३ :

## लैससास रणनीति निर्माण क्रममा समूह छलफल क्रममा सहभागि सदस्यहरुको नामावली

### समूह १

श्री मिम बहादुर घर्ति मगर वडा अध्यक्ष वडा नं ९, श्री नवराज आचार्य वडा अध्यक्ष वडा नं ४, श्री गनसिंह पुन मगर वडा अध्यक्ष वडा नं ७, श्री दिलमाया बि.क. कार्यपालिका सदस्य, श्री तिलमती बि.क. कार्यपालिका सदस्य, श्री कर्ण बहादुर पुनमगर शिक्षा अधिकृत, श्री दिपक बुढाथोकी अमिन, श्री प्रमिला घर्ति मगर महिला बिकास निरिक्षक, श्री देवी गुरुङ प्रेस संयोजक, श्री कल्पना बि.क. नगर कार्यपालिका सदस्य,

### समूह २

श्री पुर्ण के.सी. नगर प्रमुख, श्री टंक बहादुर गिरी नि. प्र.प्र.अ., श्री सनसिंह बुढा वडा अध्यक्ष वडा नं ८, श्री गायत्री बि.क. कार्यपालिका सदस्य, श्री मिना अधिकारी ना.प.स्वा.प्र., श्री मिसाना घर्ति रोजगार संयोजक, श्री सौरभ आचार्य एच एस.एस.ओ., श्री मनु कुमारी घर्ति मगर फिल्ड सहायक, श्री श्यामला के.सी. सहायक पाँचौं । श्री रश्मी न्यौपाने सहायक पाँचौं,

### समूह ३ :

श्री खिम बहादुर घर्ति वडा अध्यक्ष वडा नं २, श्री राजेन्द्र दमाई कार्यपालिका सदस्य, श्री तुल बहादुर घति वडा अध्यक्ष वडा नं ६, श्री गनस्हि पुन मगर वडा अध्यक्ष वडा नं ७, श्री महेन्द्र पुन कृषि अधिकृत, श्री लिलाराम सुनार कार्यपालिब.का सदस्य, श्री मिना घर्ति कार्यपालिका सदस्य, श्रीरेशम कुमार आचार्य सव इन्जिनियर, श्री खिमा पुन, श्री धनमायाँ पुन कार्यपालिका सदस्य,

## अनुसुचि ४ रोल्पा नगरपालिकाको लैससास कार्यशालामा सहभागिहरुको नामावली बिबरण

| क्र. स | नाम | पद | सम्पर्क नं | इमेल | लिङ्ग | | | सामाजिक समावेशिकरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | म | पु | अन्य | बा. क्षे.ठ. | जनजाति पहाड/ तराई | दलित पहाड / तराई | मधेशी | मुस्लिम | अन्य | अपाङ्गता भएका व्यक्तिहरु |
| १ | पुर्ण के.सी. | नगर प्रमुख | ९८५७८२१५९५ | prauranakc@gmail.com | - | √ | - | √ | - | - | - | - | - | - |
| २ | टंक बहादुर गिरी | नि. प्र.प्र.अ.( सि.अ.हे.व) | ९८५७८८६०४१ | giritank20@gmail.com | - | √ | - | - | - | - | - | - | √ | - |
| ३ | मिम बहादुर घर्तिमगर | वडा अध्यक्ष वडा नं ९ | ९८४७८४७१४७ | madangm147@gmail.com | - | √ | - | - | √ | - | - | - | - | - |
| ४ | सनसिं बुढामगर | वडा अध्यक्ष वडा नं ८ | ९८६७९६४५४६ | - | - | √ | - | - | √ | - | - | - | - | - |
| ५ | महेन्द्र पुन | कृषि अधिकृत | ९८६८६६४७१२ | mahendra.pun074@gmail.com | - | √ | - | - | √ | - | - | - | - | - |
| ६ | गनसिं पुन मगर | वडा अध्यक्ष वडा नं ७ | ९८५७८५७८७९ | - | - | √ | - | - | √ | - | - | - | - | - |
| ७ | लिलाराम सुनार | नगर का. सदस्य | ९८६४८२०००० | sunarlilaram@gmail.com | - | √ | - | - | - | √ | - | - | - | - |
| ८ | तुल बहादुर घर्तिमगर | वडा अध्यक्ष वडा नं ६ | ९८४३५७१०५८ | - | - | √ | - | - | √ | - | - | - | - | - |
| ९ | खिम बहादुर घर्ति | वडा अध्इक्ष वडा नं २ | ९८५७०२२३७५ | - | - | √ | - | - | √ | - | - | - | - | - |
| १० | गायत्री बि.क. | वडा सदस्य | ९८४२९५२८०० | - | √ | - | - | - | - | √ | - | - | - | - |
| ११ | मिना घर्तिमगर | का. सदस्य | ९८४७९१५९५९ | - | √ | - | - | - | √ | - | - | - | - | - |
| १२ | तिलमति बि.क. | का. सदस्य | ९८४४९००४९३ | - | √ | - | - | - | - | √ | - | - | - | - |
| १३ | कल्पना बि.क. | का. सदस्य | ९८४३८५५१६९ | - | √ | - | - | - | - | √ | - | - | - | - |
| १४ | दिलमाया बि.क. | का. सदस्य | ९८६६९०३६०५ | - | √ | - | - | - | - | √ | - | - | - | - |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | नवराज आचार्य | वडा अध्यक्ष वडा नं ४ | ९८५७८२४०६४ | acharyanabin0@gmail.com | - | √ | - | √ | - | - | - | - | - | - |
| १६ | धनमाया पुन | वडा सदस्य | ९८६१६४२१८१ | - | √ | - | - | - | √ | - | - | - | - | - |
| १७ | राजेन्द्र परियार | का. सदस्य | ९८४०८९४४९८ | - | - | √ | - | - | - | √ | - | - | - | - |
| १८ | दिपक बुढाथोकी | अमिन | ९८६०९८७८७३ | budhathokidipak97@gmail.com | - | √ | - | √ | - | - | - | - | - | - |
| १९ | रेशम कुमार आचार्य | सव इन्जिनियर | ९८६८६०२९०० | resam2000@gmail.com | - | √ | - | √ | - | - | - | - | - | - |
| २० | श्यामलाल के.सी. | खरिदार | ९८५७८२४११४ | kunapanishyam@gmail.com | - | √ | - | √ | - | - | - | - | - | - |
| २१ | मिसाना घर्ति | रोजगार संयोजक | ९८६६९२२८१८ | misana.gharti076@gmail.com | √ | - | - | - | √ | - | - | - | - | - |
| २२ | मिना अधिकारी | ना.प.स्वा.प्रा. | ९८६२१९४१५४ | adhikarimina80@gmail.com | √ | - | - | √ | - | - | - | - | - | - |
| २३ | देवी गुरुङ | प्रेस संयोजक | ९८४७९१२०७३ | timrosanjana@gmail.com | √ | - | - | - | √ | - | - | - | - | - |
| २४ | रश्मी न्यौपाने | प्रशासन सहायक | ९८६६४२९५३९ | rashmi.neupane777@gmail.com | √ | - | - | √ | - | - | - | - | - | - |
| २५ | कर्ण बहादुर पुन | शिक्षा अधिकृत | ९८४८३८६५४१ | khimapun48@gmail.com | - | √ | - | - | √ | - | - | - | - | - |
| २६ | खिमा पुन | स.म.बि.नि. | ९८६८६१०५९७ | | √ | - | - | - | √ | - | - | - | - | - |
| २७ | मन कुमारी घर्ति | फिल्ड सहायक | ९८६८६६५२२५ | mank.gm047@gmail.com | √ | - | - | - | √ | - | - | - | - | - |
| २८ | सौरभ आचार्य | एच.एस.एस. | ९८६६९९०६०६ | - | - | √ | - | √ | - | - | - | - | - | - |
| २९ | प्रमिला घर्तिमगर | स.म.बि.नि. | ९८६६९०६४५० | - | √ | - | - | - | √ | - | - | - | - | - |
| ३० | पबित्रा बुढा | म.बि.नि. | – | - | √ | - | - | - | √ | - | - | - | - | - |
| | | जम्मा | | ( | | | | | | | | | | |

जनप्रतिनिधिको संख्या : **१६ जना** कर्मचारीको संख्याः **.१४ जना** अन्य सहभागीको सं **(संघसंस्था तथा संजालबाट) : ० जना**

## अनुसुची ५

## अध्ययन तथा बिश्लेषण गरिएका दस्तावेजहरुको सुची :

- महिला र किशोरी समूहको गठन र सञ्चालन कार्यविधि, २०७८ ,
- बालविवाह न्यूनिकरण सम्वन्धी पञ्चवर्षीय रणनीतिक योजना (२०७५।०७६ देखि २०७९।०८०)
- लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७,
- नगरपालिकाको पार्श्वचित्र, २०७५,
- सुरक्षित आवास गृह (सेफ हाउस) संचालन कार्यबिधि, २०७८,
- अपांग परिचयपत्र बितरण कार्यबिधि, २०७५,
- बाल संरक्षण नीति, २०७५,
- बाल क्लब संजाल गठन ब्यबस्थापन तथा सहजीकरण निर्देशिका, २०७५,
- न्यायीक समितिको कार्यविधि सम्बन्धी ऐन, २०७४,
- नेपालको संबिधान ,
- स्थानीय सरकार संचालन ऐन, २०७४,
- लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन,
- लैससास सम्बन्धी अन्तराष्ट्रिय महासन्धी तथा प्राबधानहरु,